म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १२० बुधबार, २६ मंसिर २०८१ ने. सं. ११४५ कछलागा 11 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गाँजासहित दुईजना पक्राउ

हेटौंडा, २५ मंसिर/मकवानपुरको मनहरी गाउँपालिका-७ मनहरी बजारबाट अवैध लागूऔषध गाँजासहित सोमबार दुईजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरुमा कैलाश गाउँपालिका-४ झ्याडे बस्ने ५२ वर्षीय प्रतापसिंह मोक्तान र उनकै श्रीमती ५० वर्षीया राममाया मोक्तान रहेका छन् । उनीहरुलाई इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीले उनीहरुको साथबाट ९ किलो ८ सय ५० ग्राम गाँजा बरामद गरेको छ । घटनाको बारेमा प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रकृया अगाडि बढाइएको जनाएको छ ।

# बागमती प्रदेशसभा बोलाउन माग

साझाकुरा संवाददाता



हेटौंडा, २५ मंसिर/ प्रदेशसभाको बैठक अविलम्ब बोलाउन प्रदेश सरकारसँग माग गरिएको छ । नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलले प्रदेश सरकारलाई प्रदेशसभा बोलाउन माग गरेको हो ।

माओवादी केन्द्र संसदीय दलका नेता पूर्वमुख्यमन्त्री शालिकराम जम्कट्टेलले मंगलबार एक प्रेस विज्ञप्ती जारी गर्दै प्रदेशसभा बोलाउन प्रदेश सरकारको ध्यानाकर्षण गराएका हुन् । बर्तमान सत्तारुढ दल संलग्न रहेर निर्माण भई सर्वदलीय सहमतिमा बजेट पारित भएको छैठौं महिनामा प्रवेश गरेको र पारित बजेटको कार्यान्वयन, बजेट पारित गर्दाका बखत भएका सर्वदलीय सहमति र सरकारका प्रतिबद्धताहरु तथा त्यसयता आएका बाढीपहिरोलगायत विपत्ति आदि बारेमा बागमती प्रदेश सरकारसमक्ष आफ्नो दलको तर्फबाट पेश गरिएका ज्ञापनपत्रका सवाललाइ लिएर विज्ञप्ति जारी गरिएको बताइएको छ ।

प्रदेश सरकारले जरुरी महत्वका विषयलाई निषेध गर्नुका साथै त्यससम्बन्धी आवश्यक कानूनी व्यवस्था गर्ने कार्यलाई पूर्णत: बेवास्ता गर्दै आएको आरोप लगाइएको छ । बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड अनुसार बजेट व्यवस्था भएका योजना असोज मसान्तभित्र बहुवर्षीय योजना स्वीकृत गरी प्रक्रियामा लैजानु पर्नेमा अहिलेसम्म एउटा पनि ठेक्का गर्न नसक्नु वा नगर्नु, समग्र बजेट कार्यान्वयन कछुवाको गतिमा हुनु, निर्माणकार्य सम्पन्न नभएका, म्याद गुज्रेका ठेक्काका सवालमा कुनै निर्णय नगर्नुका कारणले प्रदेशका विकास निर्माणकार्य ठप्प भएको माओवादीको जिकिर छ ।

मापदण्ड विपरितका टुक्रे आयोजनालाई नियमविपरित ठेक्कामा लैजान कर्मचारीलाई गैर कानूनी आदेश जारी गरेर प्रदेश सरकार आफैंले कानूनको उपहास गरिरहको नेता जम्कट्टेलले आरोप लगाएका छन् । 'पारित बजेटको मर्म र भावना अनुसार बजेट कार्यान्वयन नगर्नुले विकास र सेवा प्राप्त गर्ने प्रदेशवासी नागरिकको अधिकार कुण्ठित भएको, यो सरकार बनेयता प्रदेशको आर्थिक विकास धेरै पछाडि धकेलिएको' नेता जम्कट्टेलको भनाइ छ ।

'राष्ट्रसेवक कर्मचारीहरु मन्त्रीबाट कार्यस्थलमै दुर्व्यवहारमा परेका घटनाहरु छिपाइएको छ, कर्मचारीले असुरक्षाको महसुश गरिरहेका छन् । समग्रमा सरकार गैरजिम्मेवार र असफल हुँदै गएको छ, जुन स्थितिको अविलम्ब अन्त्य हुनुपर्दछ' नेता जम्कट्टेलले बिज्ञप्तीमा भनेका छन् । बागमती प्रदेशसभाको प्रमुख प्रतिपक्ष दल नेकपा (माओवादी केन्द्र) ले यीनै सवालहरु सम्बोधन गर्न बागमती प्रदेश सरकारलाई गम्भीर तापूर्वक पुन: माग गरेको छ ।

बाढीपहिरोलगायत प्राकृतिकविपत्तिमा परेका नागरिकको पक्षमा तत्काल राहत र पुनर्स्थापनाका कार्यक्रम घोषणा र लागू गर्न, चालु आवको बजेटमा व्यवस्था भएका बहुबर्षीय मापदण्ड अनुसारका योजनालाई तुरुन्त ठेक्का प्रक्रियामा अगाडि बढाउन, म्याद गुज्रेका ठेक्काका सवालमा अविलम्ब उचित निर्णय गर्न माग गरिएको छ । सरकारले विकास निर्माणको क्षेत्रमा समयमै कार्य सुरु नगरेकै कारण निर्धारीत समयमा अर्थात आर्थिक वर्षको अन्तिममममा काम सम्पन्न गर्न कठिनाई हुने गरेको छ ।

'बजेट पारित गर्दाका बखत भएका प्रतिवद्धता तथा सर्वदलीय सहमतिको कार्यान्वयन गर्न, आसोज १४ गतेको सर्वदलीय बैठकको निर्णयलाई कार्यान्वयन गर्न र कार्तिक २८ गते हाम्रो दलले बुझाएको ज्ञापनपत्रलाई सम्बोधन गर्न एवम् प्रदेशसभाको बैठक अविलम्ब बोलाउन प्रदेश सरकार सँग माग गरिएको विषय यसै प्रेस विज्ञप्तीमार्फत जानकारी गराउँदछौं' नेता जम्कट्टेलले विज्ञप्तिमा भनेका छन् ।

# मुख्यमन्त्री लामा र स्वीस राजदुत म्यूलीबीच भेट



साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामातामाङ र नेपालका लागि स्वीस सरकारका राजदुत डा. डेनियल म्यूलीबीच शिष्टाचार भेटघाट भएको छ ।

भेटमा राजदुत म्यूलीले स्वीस सरकारबाट बागमती प्रदेशमा हाल सञ्चालनमा रहेका परियोजनाको साथसाथै नेपालमा संविधान कार्यान्वयनमा स्वीस सरकारले गरिरहेको परियोजना सहयोगको बारेमा मुख्यमन्त्री लामालाई जानकारी गराएका थिए । बागमती प्रदेशमा हाल स्वीस सरकारको सहयोगमा ६ वटा परियोजना कार्यान्वयनमा रहेको र थप २ वटा परियोजना सुरुवातको प्रक्रियामा रहेको जानकारी गराइएको थियो ।

भेटमा राजदुत म्यूलीले हाल बागमती प्रदेश सरकारले आफैंले प्राविधिक तथा व्यवसायिक सीप सम्बन्धी ऐन जारी गरी प्रादेशिक तहमै रोजगारी प्रवर्द्धनका लागि गरेको प्रयासको प्रशंसा गरे । म्यूलीले बागमती प्रदेशमा स्वीस सरकारको सहयोगमा सुरक्षित आप्रबासी परियोजना (सामी) कार्यान्वयनमा रहेको र सुरक्षित आप्रबासनका लागि बागमती प्रदेश सरकारले समेत उल्लेख्य बजेट विनियोजन गरी कार्यान्वयनमा गएकोमा विशेष धन्यबाद व्यक्त गरेका छन् ।

यसैगरी, स्वीस सरकारले मोटरेबल लोकल रोड एण्ड ब्रीज प्रोगामबाट सडक पुल निर्माणमा काम गरिरहेको जानकारी गराए । यस क्षेत्रमा समेत प्रदेश सरकार प्रादेशिक सडक गुरुयोजना निर्माण गरेकाले आगामी दिनमा यसले प्रदेशमा सडक तथा पुल निर्माणका लागि नीतिगत रुपमा सरल भएको बताए । म्यूलीले प्रदेशमा डिजिटन नेपाल फ्रेमवर्क अन्तर्गत साना तथा मझौला उद्यमीलाई प्रविधिमैत्री उद्यम विकासमा सहयोग गरिरहेको जानकारी गराएका थिए ।

यसैगरी प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम (पिएलजिएसपी)मार्फत् प्रदेश सरकार तथा स्थानीय तहमा सुशासन प्रवर्द्धनमा सहयोग गरिरहेको जानकारी गराए । यसैगरी आगामी दिनमा स्थानीय तहमा राजश्व स्रोतवृद्धि विषयमा परियोजना कार्यान्वयनको तयारीमा रहेको बताए । भेटमा मुख्यमन्त्री लामाले स्वीस सरकारले गरिरहेको सहयोगका बारेमा आफू जानकार रहेको र नियमित सहयोगको अपेक्षा रहेको बताए ।

बागमती प्रदेश सरकारले स्वीस सरकारसँग मुल रुपमा प्रविधि हस्तान्तरण र पर्यटन विकासमा सहयोगको अपेक्षा रहेको बताए । बागमती प्रदेशमा पर्यटन र जलविद्युत उत्पादनको अथाहा सम्भावना रहेकाले यस क्षेत्रमा प्रविधि हस्तान्तरण र लगानीका लागि स्वीस सरकारले सहयोग गर्दा उल्लेख्य उपलब्धी हासिल गर्न सकिने बताए । स्वीटजरल्याण्डको संघीयताको मोडलबाट नेपालमा धेरै कुरा सिक्न सकिने हुदाँ त्यहाका विकास मोडल नेपालका लागि सन्दर्भस्रोत रहेको उनले बताएका छन् ।

राजदुत म्यूलीले स्वीटजरल्याण्ड सरकार नेपालको आर्थिक विकासमा स्वीस लगानी भित्र्याउने विषयमा सकारात्मक पहल भइरहेको र यसका लागि लगानीमैत्री बातावरण निर्माणका लागि अनुरोध गरेका थिए । मुख्यमन्त्री लामाले प्रदेशमा लगानीमैत्री बातावरण निर्माणका लागि आफू निरन्तर लागि परेको र सबैको सहयोगबाट यस क्षेत्रमा उपलब्धि हासिल गरिने बताए । भेटबाट स्वीस सरकार र बागमती प्रदेश सरकारबीच परस्पर सम्बन्धबाट आपसी सहयोगको वातावरण बनेको मुख्यमन्त्री लामाले बताए ।

# ६ नम्बर वडालाई बालमैत्री वडा घोषणा गरिँदै



साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ हेटौंडा उपमहानगरपालिका-६ नम्बर वडालाई निकृष्ट बालश्रममुक्त, बालविबाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ ।

२७ मंसिर बिहीवार 'बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी' भन्ने मुलनाराकासाथ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने तयारी रहेको हेटौंडा उपमहानगरपालिका-६ नम्बर वडा कार्यालयले मंगलबार पत्रकार सम्मेलन मार्फत जानकारी दिएको हो । पूर्णखोप वडा घोषणा, पूर्णसाक्षर वडा घोषणा, खुल्लादिसामुक्त वडा घोषणा भईसकेको वडालाई नेपाल सरकारको मापदण्डको आधारमा तयार भएको बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ सूचकमा हालसम्म ४८ वटा सूचक शतप्रतिशत र बाँकी ४ सूचकमा घोषणाका लागि आवश्यक न्युनतम नतिजा हासिल गरेको वडा कार्यालयलले जनाएको छ ।

नेपाल सरकारले २०७१ साल मंसिर १६ गतेको निर्णयबाट हेटौंडा नगरपालिकालाई उपमहानगरपालिकामा स्तरबृद्धि गरेको थियो । बागमती प्रदेशको राजधानी रहेको हेटौंडा उपमहानगरपालिकाको १९ वडामध्ये ६ नम्बर वडाको क्षेत्रफल ८.५४ वर्ग किमि रहेको वडा कार्यालयलले जनाएको छ । वडा कार्यालयलका अनुसार पूर्वी सीमानामा वडा नं १६ र १७, पश्चिममा वडा नं ७, उत्तरतर्फ मकवानपुरगढी र दक्षिणमा वडा नं १५ अवस्थित ६ नम्बर वडाको करिव बीच भागबाट पूर्वपश्चिम भएर कर्रा खोला बगेको छ ।

घरधुरी तथ्यांक संकलन सर्वेक्षण, २०७९ अनुसार १८ वर्ष मुनिका २ हजार १ सय बालबालिका रहेको ६ नम्बर वडामा १ हजार १ सय ३४ बालक र ९ सय ६६ बालिका रहेका छन् । तथ्यांक अनुसार कुल बालबालिकाको जनसंख्यालाई आधारमान्दा ४६.१४ प्रतिशत बालिका र ५३.८५ प्रतिशत बालक रहेका छन् । सामुदायिक, संस्थागत र विशेष विद्यालय, बालविकास केन्द्रसहितका जम्मा ७ वटा विद्यालय सञ्चालन रहेको ६ नम्बर वडामा १९ वटा बालसमूहरु र १ वडा बालसञ्जाल रहेको बताइएको छ । जसमा, ४ सय ७५ जना बालवालिका आवद्ध रहेको र विभिन्न संरचनागत समितिमा गरी जम्मा ४ सय ९७ जना बालबालिकाको प्रत्यक्ष सहभागिता रहेको वडा कार्यालयलले जनाएको छ ।

बालमैत्री स्थानीय शासन वडा समिति, वडा बालअधिकार समिति, बालसमूहरु, बालसमूह सञ्जाल, टोल विकास संस्थाहरु, युवा क्लब, आमा समूह, वन समिति लगायतका विभिन्न सामुदायिक संस्थाहरु क्रियाशील रहेको ६ नम्बर वडामा 'आजका बालबालिका भोलिका कर्णाधार हुन' भन्ने भनाईलाई मनन् गर्दै २१ औं शताब्दीका बालबालिकालाई यो भनाईमाथि नै परिमार्जित गर्दै बालबालिकालाई आजैका साझेदार बनाउन सोही अनुसारका काममा सक्रिय बनाउने प्रयास रहेको ६ नम्बर वडाअध्यक्ष एवम् बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा मुलसमारोह समिति संयोजक विष्णुवहादुर दाहालको भनाई छ ।

# भीम विराग स्मृति अन्तरविद्यालय प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ हेटौंडा-५ पिप्लेमा रहेको ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालयको आयोजनामा तेस्रो भीम विराग स्मृति अन्तरविद्यालय गायन प्रतियोगिता हुने भएको छ ।

विगत वर्षझैं यसवर्ष पनि आगामी फागुन १५ गते प्रतियोगिता आयोजना गर्न लागेको विद्यालयका संस्थापक प्रिन्सिपल श्यामकुमार बानियाँले जानकारी दिए । विद्यार्थीहरुमा अनर्निहीत प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको बानियाँले बताए । कार्यक्रममा १० कक्षासम्मका बालबालिकाले सहभागिता जनाउन सक्ने प्रतियोगिता संयोजक आल्देन लिङ्देनले जानकारी दिए ।

प्रतियोगिताका लागि सहभागीले गाउने गीत भने नेपालीपन झल्कने सन्देशमूलक हुनुपर्ने लिङ्देनले उल्लेख गरे । प्रतियोगितामा सहभागी हुन चाहने विद्यालयले फागुन १० गतेभित्र नाम दर्ता गर्न आव्हान गरेको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने सहभागीले क्रमश: १० हजार, ७ हजार र ५ हजार नगदका साथै ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ ।

गत वर्ष आयोजना गरेको दोस्रो भीम विराग स्मृति अन्तर विद्यालय गायन प्रतियोगितामा जेनिथ विद्यालयकी विशाखा पण्डितले जित्न सफल भएकी थिइन् । मकवानपुरका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीले यो प्रतियोगितामा सहभागी बन्न पाउनेछन् ।

# प्रदेश दुग्ध विकास बोर्डको उपाध्यक्षमा पौडेल नियुक्त




साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ बागमती प्रदेश दुग्ध विकास बोर्डको उपाध्यक्षमा चितवनका हरिप्रसाद पौडेल नियुक्त भएका छन् । मंगलबार बसको बागमती प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठकले चितवन राप्ती नगरपालिका-७ का पौडेललाई उपाध्यक्षमा नियुक्त गरेको हो ।

बैठकले बागमती प्रदेश विश्वविद्यालयका उपाध्यक्ष डा. कुसुमराज सुवेदीलाई विश्वविद्यालयको बोर्ड अफ ट्रस्टीको सदस्यमा मनोनीत गर्न सहमति प्रदान गरेको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए । बैठकले कारागार कार्यालयमा लघु उद्यम कार्यक्रम सञ्चालनका लागि बजेट अख्तियारी दिने निर्णय गरेको उनले बताए ।

मन्त्री लामिछानेका अनुसार बैठकले संघीय सरकारअन्तर्गत रहेका निकायका लागि चालु आर्थिक वर्षको बजेट किताबमा भएका योजना कार्यान्वयनका लागि सहमति लिने निर्णय गरेको छ । बैठकले चालूतर्फको बजेट खर्चमा २० प्रतिशत रकम खर्च कटौती गर्ने निर्णय गरेको छ । विपतको समयमा अर्थ विविध शीर्षकको बजेट अपुग भएकाले सबै मन्त्रालयको चालू खर्च कटौती गर्ने निर्णय गरिएको मन्त्री लामिछानेले बताए ।

बैठकले अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ स्वीकृत गर्ने निर्णय गरेको छ भने प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक र प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई प्रदेशसभामा लैजाने सैद्धान्तिक सहमति प्रदान गरेको उनले बताए ।

# विद्यालयको खेलकुद सप्ताह सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१०, स्थित तुल्सीमेहर माध्यमिक विद्यालयमा खेलकुद सप्ताह सुरु भएको छ । मंगलबार एक कार्यक्रमकाबीच औपचारिक रुपमा खेलकुद सप्ताह सुरु भएको हो ।

तुल्सीमेहर विद्यालयका सहायक प्रधानाध्यापक कमल नेपालको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला खेलुकद विकास समिति मकवानपुरका अध्यक्ष राजकुमार मोक्तानको प्रमुखआतिथ्यता रहेको थियो । कार्यक्रममा प्रमुखअतिथि रहेका मोक्तानले प्रतियोगितामा उत्कृष्ट हुने २ जना छात्र र छात्रालाई जिल्ला खेलकुद विकास समितिले सम्मान गर्ने उद्घोष गरेका छन् ।

विद्यार्थीको सर्वाङ्गीण विकासमा खेलकुदले महत्वपूर्ण सहयोग पुऱ्याउने हुँदा विद्यालयमा पढाई सँगसँगै खेलकुदमा पनि जोड दिँदै आएकोले गर्दा आजबाट खेलकुद सप्ताह सुरु भएको विद्यालयका सहायक प्रधानाध्यापक नेपालले बताए । चार दिनसम्म सञ्चालन हुने खेलकुद सप्ताहमा एथ्लेटिक्स, भलिबल, फुटबल र कबड्डीका खेलहरु सञ्चालन हुनेछ । प्रतियोगितामा विजयी हुने विद्यार्थीलाई विद्यालयले प्रमाणपत्र र मेडल प्रदान गर्नेछ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# वनस्पति उद्यानको महत्व

नेपालमा पाइने महत्वपूर्ण जडीबुटीसम्बन्धी अध्ययन, अनुसन्धान गरी स्थानीय समुदायलाई जडीबुटी खेतीतर्फ प्रोत्साहित गर्ने, वनस्पतिको सर्वेक्षण गरी दुर्लभ, लोपोन्मुख तथा संकटापूर्ण अवस्थाका वनस्पति संरक्षण गर्ने कार्य स्थापना गरिएको वनश्पति कार्यालयले काँचुली फेर्दैछ । लोपोन्मुख वनस्पतिको खोज, अनुसन्धान र संरक्षण गर्दै आएको वनस्पति अनुसन्धान केन्द्र, वृन्दावन वनस्पति उद्यान मकवानपुर पर्यापर्यटकीय गन्तव्यको रुपमा विकास हुँदैछ । वन तथा वातावरण मन्त्रालयको वनस्पति विभागअन्तर्गत रहेको वृन्दावन वनस्पति उद्यान अध्ययन, भ्रमण र पर्यापर्यटनको अनुपम गन्तव्य बनेको हो । पर्यावरणीय सुन्दरता, चराचुरुङ्गीको धुन, आनन्ददायी वातावरणका कारणले पनि उद्यानमा अवलोकन, भ्रमण गर्नेको आकर्षण बन्दै गएको छ । उद्यान वनविज्ञान (फरेस्ट्री), वनस्पति विज्ञान (बोटानी), फार्मेसी र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) मा अध्ययन गर्ने विद्यार्थी शैक्षिक भ्रमण, अध्ययन र घुम्नका लागि आउनेको आकर्षणको केन्द्र बन्दै गएको हो ।

देशमै पहिलोपटक यहाँ गरिएको ‘सम्मानित वृक्षरोपण’ पनि यहाँको आकर्षण छ । उद्यानलाई स्थानीय र अवलोकनकर्तासँग नाता गाँसियोस् भन्ने अभिप्रायले २०७८ सालदेखि सेरेमोनियल प्लान्टेसन प्लटको अवधारणा विकास गरिएको हो । वनस्पति उद्यानभित्र बिल्कुलै नयाँ ढाँचाको थिमेटिक गार्डेन बनाउने उद्देश्यले उद्यानभित्रको करिब एक हेक्टर भन्दा बढी रित्त रहेको जग्गामा सम्मानित वृक्षरोपण गरिएको छ । यहाँ रुद्राक्ष, सीता अशोक, पीपल, छतिवन, चिउरी, अमला, वर, समी, कपुर, कटहर, बेल, राजवृक्ष, कदम, नीम, अर्जुन, आँप, जमुना, श्रीखण्ड, चाप, तेजपात, अगस्ती, दार, हर्रो, इमली, सुगन्ध कोकिलालगायतका बिरुवा रोपिएको छ । उद्यानमा ६५० भन्दा बढी प्रजातिका वनस्पतिहरुको वंशाणु स्रोत संरक्षित छन् । जिल्ला भित्रका एवम् चुरे क्षेत्रका विभिन्न स्थानबाट वनस्पति सर्वेक्षण, संकलन गरी पहिचान गर्ने र वनस्पतिहरुको हर्वेरियम नमुना संरक्षित गर्ने कार्य गर्दै आइरहेको छ । अध्ययन अनुसन्धानका क्षेत्रमा यस केन्द्रले स्थापना कालदेखि नै विभिन्न जडीबुटी तथा आर्थिक महत्वका वनस्पतिहरुको अध्ययन गरी खेतीप्रविधि विकास गरेको छ । त्यसैगरी विभिन्न आदिवासी तथा जनजातिले प्रयोग गर्दै आइरहेका वनस्पतिको अभिलेखिकरण गर्दै वनस्पति प्रयोग र संरक्षणबारे सचेतना कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । बिरुवा उत्पादन गरी वितरण गर्ने, विभिन्न सामग्री प्रकाशन गरी वितरण गर्ने, पर्यावरणीय सौन्दर्य बढाइ पर्यापर्यटन अभिवृद्धि गर्ने र आर्थिक विकासमा टेवा पुऱ्याई गरीबी न्यूनीकरणमा सहयोग पुऱ्याउने लक्ष्यका साथ प्राविधिक तथा विविध सेवा पुऱ्याउँदै आएको छ ।

केन्द्रले वनस्पति सम्पदाको विस्तृत सर्वेक्षण, संकलन तथा पहिचान गर्ने वनस्पतिको वंशाणु स्रोतसंरक्षण गर्ने, जडीबुटीसम्बन्धी अध्ययन, अनुसन्धान गरी खेतीप्रविधि विकास गर्ने, सुगन्धित तेलयुक्त वनस्पतिको तेल प्रतिशत परीक्षण गर्ने, प्राविधिक दृष्टिले फाइदाजनक जडीबुटीको सूचना प्रवाह गर्ने, परम्परागत वनस्पति उपयोगसम्बन्धी अध्ययन (एथ्नो बोटानिकल स्टडी), अनुसन्धान गरी वनस्पति तथा जैविक स्रोतको उपयोगसम्बन्धी ज्ञानलाई अभिलेखीकरण गर्ने, जडीबुटीको बिरुवा उत्पादन तथा वितरण गर्ने, जडीबुटी संरक्षण, खेती तथा प्रशोधनका बारेमा तालिम तथा सेवा प्रदान गर्नेलगायत उद्देश्य यो कार्यालयको रहेको छ । कार्यालयले अहिले जडीबुटीको गुणस्तरीय बिरुवा उत्पादन गर्ने, जडीबुटी खेतीप्रविधि विकास गरी प्राविधिक सीप हस्तान्तरण गर्ने, जडीबुटी प्रजातिका वासस्थान संरक्षण तथा व्यवस्थापन गर्ने, जडीबुटीसम्बन्धी सूचना तथा नमूना प्रदर्शन गर्ने, जडीबुटी खेतीप्रति कृषकलाई अभिप्ररित गर्ने, महत्वपूर्ण जडीबुटीसम्बन्धी समयसामयिक अध्ययन, अनुसन्धान गरी स्थानीय जनसमुदायलाई जडीबुटी खेतीतर्फ प्रोत्साहित गर्ने, वनस्पतिको सर्वेक्षण गरी दुर्लभ, लोपोन्मुख तथा संकटापूर्ण अवस्थाका वनस्पति संरक्षण गर्ने कार्य गरिरहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर २७ गते बिहीबार १२ डिसेम्बर २०२४ । द्वादशी, मार्ग कृष्णपक्ष । कछलागा ११४५ ने.सं. । सूर्योदय ६:४६, सूर्यास्त ५:०८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यवसायबाट लाभ पाइने | **तुला** | : कुरा काट्नेहरु सक्रिय हुने |
| **वृष** | : जिम्मेवारी पूरा गर्न सकिने | **वृश्चिक** | : नयाँ काम हात पर्ने |
| **मिथुन** | : गलत विचार बढ्ने | **धनु** | : कार्यान्तरण हुन सक्ने |
| **कर्कट** | : काममा अबरोध आउने | **मकर** | : शुभ समाचार सुन्न पाइने |
| **सिंह** | : अधुरा काम पूरा हुने | **कुम्भ** | : अनावश्यक खर्च बढ्ने |
| **कन्या** | : घरेलु समस्याले सताउने | **मीन** | : भोजको अवसर मिल्ने |

# मानवअधिकार र लैंगिक हिंसाविरुद्ध कानुनी व्यवस्था



✍ टंक पन्त

नेपालमा महिलाविरुद्धका सबै प्रकारका भेदभाव उल्मूलनसम्बन्धी महासन्धि र पालेर्मो प्रोटोकललगायत मानवअधिकारसम्बन्धी दुई दर्जनभन्दा बढी सन्धि-महासन्धिको पक्ष राष्ट्र हो । नेपालले मानवअधिकारको संरक्षण, संवर्द्धनका लागि मौलिक हक कार्यान्वयनसम्बन्धी १६ वटा ऐनहरु, फौजदारी कसुर तथा सजायलाई व्यवस्थित गर्ने मुलुकी फौजदारी संहिता, अपराध संहिता, देवानी संहितालगायत विभिन्न नीति, ऐन तथा कानुनहरु जारी गरी कार्यान्वयनमा रहेका छन् ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ ले कसैलाई पनि जाति, वर्ग, लिंग, भाषा, धर्म, राजनीतिक आस्था आदिका आधारमा शोषण, दमन र हिंसा गर्न पाइनेछैन भन्ने व्यवस्था गरेको छ । यसै गरी महिलाविरुद्ध हुने हिंसा उन्मूलन गर्ने घोषणा १९९३ का अनुसार महिला हिंसा भनेको महिलामाथि गरिने विभिन्न किसिमका शारीरिक, यौनिक, मानसिक एवं हिंसात्मक व्यवहारहरू हुन् । यस्ता व्यवहारभित्र महिलामाथि गरिने कुटपिट, घरभित्रका सबै प्रकारका हिंसा, बालिकामाथि गरिने यौनशोषण, दाइजोका कारण गरिने दुर्व्यवहार, वैवाहिक जीवनभित्रको बलात्कारका साथै विभिन्न किसिमका सामाजिक एवं सांस्कृतिक परम्पराहरू पर्दछन् ।

नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-महासन्धिको कार्यान्वयनको सन्दर्भमा नेपालमा लैंगिक समानता र महिलाविरुद्ध हुने घरभित्रका सबै प्रकारका हिंसा नियन्त्रण गर्नका लागि घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ लागू गरिएको छ । महिलामाथि हुने हिंसाको अनेक स्वरूप र प्रकृतिलाई सम्बोधन गर्न मुलुकी फौजदारी संहिता, मुलुकी देवानी संहिता र अपराध संहितालगायतका विभिन्न ऐनहरूको व्यवस्था गरिएको छ । यी ऐनहरूमार्फत सबै प्रकारका हिंसा, भेदभाव, शोषण, सामाजिक-सांस्कृतिक कुरीतिजन्य व्यवहार वा अभ्यास, महिलामाथि हुने हानिकारक परम्परागत अभ्यासहरूलाई आपराधिक कार्यको रूपमा व्याख्या गरी हिंसाको प्रकृति र स्वरूपहरूका आधारमा कानुनी सजाय तथा क्षतिपूर्तिको व्यवस्था गरिएको छ । क्षतिपूर्तिको व्यवस्था हुन सकेको त छ, तर सो अनुसार न भएको छ, न हुने देखिएको छ ।

केही वर्षयता सरकारीस्तरबाट लैंगिक हिंसा न्यूनीकरणका लागि राष्ट्रिय कार्ययोजना तयार गरी स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म विभिन्न कार्यक्रमसमेत सञ्चालन हुँदै आएका छन् । जसले सचेतनाको पाटोमा सकारात्मक भूमिका खेलेको छ, तर केही सम्भ्रान्तका लागि अधिकार र समृद्धि छाएको छ, जसले अधिकारको प्रत्याभूति पाउनुपर्ने तिनले पाउन सकेका छैनन् । तिनका नाममा सुकिला समृद्धिमा रमाएकाहरु रमाएकै छन् अनि सबैभन्दा ठूलो स्वर तिनै रमाउनेकै हुने गरेको छ । महिलाहरूलाई आत्मनिर्भर, आर्थिक स्वनिर्भरता गराउन विभिन्न संघसंस्थाहरूले सञ्चालन गरेका सशक्तीकरणका कार्यक्रम र अभियानमार्फत प्रयास भइरहेका छन् । त्यसै गरी योजनाबद्ध विकासमा लैंगिक हिंसा नियन्त्रण गर्नका लागि अन्तर्राष्ट्रिय प्रावधानहरुको कार्यान्वयन गर्न राष्ट्रिय स्तरमा विविध कानुनी प्रावधानको व्यवस्था गरिएको छ । यति हुँदाहुँदै पनि भएका कानुन, नीति र योजनाको प्रभावकारी कार्यान्वयनको पाटोलाई हेर्ने हो भने निकै चुनौतिको रुपमा रहेको छ ।

कानुनमा भएका केही छिद्रतामा सुधार, कानुन कार्यान्वयनमा रहेका कमी-कमजोरीको अन्त्य र न्याय सम्पादनमा अदालतबाट हुने न्याय निरुपण तथा कानुनको युक्तिसंगत व्याख्याबाट मात्र समाजमा अमनचयन कायम राख्दै साँचो अर्थमा न्याय प्रणालीको स्थापना गर्न सकिन्छ भन्ने कुरामा द्विविधा छैन । त्यसको लागि कानुनमा रहेका छिद्रता संशोधनमार्फत सम्बोधन गरी अपुग वा अपर्याप्त कानुनको तर्जुमा र मौजुदा कानुन कार्यान्वयनको खाँचो रहेको छ । एकातर्फ ग्रामीण र कमजोर महिला अन्यायमा पर्दै जाने र अर्कोतर्फ लैंगिक न्यायका लागि सकारात्मक विभेदको रुपमा गरिएका मानवअधिकारमुखी कानुनको गलत प्रयोग हुँदै जाने स्थिति सिर्जना भयो भने राज्य र सम्पूर्ण न्याय प्रणालीप्रति नै वितृष्णा फैलँदै जाने अवस्था आउन सक्छ ।

लैंगिक विभेदलाई अन्त्य गर्ने सम्बन्धमा नेपालको संविधानले गरेका व्यवस्था महत्वपूर्ण र स्वागतयोग्य छन् । संविधानको प्रस्तावनामा नै लैंगिकलगायतका विभेदहरुको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै’. भन्ने वाक्यांश प्राथमिकताका साथ उल्लेख गरिएको छ । समानताको हकका सम्बन्धमा यसअधिका संविधानमा पनि औपचारिक समानताको व्यवस्था थियो तर वर्तमान संविधानले सारभूत समानतामा जोड दिएको छ ।

जसअन्तर्गत समन्यायको प्रत्याभूति दिलाउन खोजेको छ भने महिलाको हकमा सकारात्मक विभेदको नीतिलाई मान्यता दिँदै अवसरमा मात्र होइन परिणाममा पनि समानता हुनुपर्ने कुरामा जोड दिएको छ । महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा, शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिनेछैन । त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरेको छ । त्यसै गरी संविधानले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको ग्यारेन्टी गरेको छ भने सबै नागरिक कानुनको दृष्टिमा समान हुने, कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने व्यवस्था गरेको छ । सामान्य कानुनको प्रयोगमा र राज्यले नागरिकहरुका बीच लिंगको आधारमा भेदभाव नगर्ने व्यवस्थासमेत संविधानले सुनिश्चित गरेको छ ।

अपराध-पीडितको हकअन्तर्गत अपराध-पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुने कानुनबमोजिम सामाजिक पुन:स्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेजस्ता महत्वपूर्ण व्यवस्था गरिएको छ । मौलिक हकअन्तर्गत कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानुन बमोजिमबाहेक अनतिक्रम्य हुने, प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुने, कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइनेजस्ता महत्वपूर्ण व्यवस्था गरिएको छ ।

राज्यका निर्देशक नीति तथा सिद्धान्तअन्तर्गत सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने, जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसापीडित महिलालाई पुन:स्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने, प्रजनन अवस्थामा आवश्यक सेवा-सुविधा उपभोगको सुनिश्चितता गर्नेजस्ता व्यवस्था गरिएको छ । मानवअधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तिका सम्बन्धमा आवश्यकताअनुसार अनुगमन, अनुसन्धान तथा खोज अन्वेषण गर्नको लागि एक उच्चस्तरीय संवैधानिक आयोगको रुपमा राष्ट्रिय मानवअधिकार आयोगको व्यवस्था गरिएको छ भने महिला विशेषको हकहितको संरक्षण र प्रवर्द्धनको लागि राष्ट्रिय महिला आयोगसमेत संवैधानिक अंगको रुपमा कार्यरत रहेको छ ।

घरेलु हिंसा कसुर तथा सजाय ऐन, २०६६ को प्रस्तावनाले भन्छ- प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर-परिवारभित्र वा घर-परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्ने तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्नुपर्ने आवश्यकता रहेको छ । मुलुकी देवानी संहिता, २०७४ को दफा १७ मा प्रत्येक नागरिक कानुनको दृष्टिमा समान हुने र कुनै पनि नागरिकलाई कानुनको समान संरक्षणबाट वञ्चित गरिनेछैन भनिएको छ । दफा १८ मा कुनै पनि व्यक्तिलाई उत्पत्ति, धर्म, वर्ग, जातजाति, समुदाय, पेसा, व्यवसाय, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै कुनै आधारमा निजी तथा सार्वजनिक स्थानमा भेदभाव गरिनेछैन भनिएको छ । यसर्थ नेपालमा यौनजन्य अपराधसँग सम्बन्धित कानुनी व्यवस्था र उक्त व्यवस्थाको कार्यान्वयनको सन्दर्भमा समाजमा पारेको प्रभावका बारेमा गम्भीर अध्ययन गरी आवश्यक संशोधन र परिमार्जन गर्नुपर्ने देखिएको छ ।

यौन अपराध, यौनजन्य हिंसा वा दुर्व्यवहार, बलात्कारजस्ता विषयमा गरिएका कानुनी प्रावधान, सर्वोच्च अदालतको प्रयासबाट प्रतिपादन भएका नजिरलगायतका प्रयासहरु केवल अन्यायमा परेका खासगरी कमजोर र साँचो अर्थमा पीडित महिलाको लागि गरिएको हो । नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरु, नेपालको संविधान र कानुनमा गरिएका व्यवस्थाहरु पीडितलाई न्याय दिनेतर्फ उन्मुख हुनुपर्दछ । सानै संख्यामा भए पनि कानुनका छिद्रहरुसँग खेल्ने र समाजमा अराजकता फैलाउन सक्ने सम्भावना बोकेका प्रावधानहरुप्रति चासो र सरोकार राख्नुपर्ने र सोही अनुसार आवश्यक संशोधन गरी प्रक्रियामा लैजाने कुरामा पनि सबै पक्षको ध्यान जानुपर्ने देखिएको छ । यस्ता खालका विषयमा बहस र छलफल गरेर अगाडि बढ्नु नै उपयुक्त हुनेछ ।

बालविवाहलाई चित्त नबुझ्ने पक्षले बलात्कारमा परिणत गरी अर्को पक्षले हदैसम्मको सजायको भागीदार बन्नुपर्ने अवस्थाको सृजना हुने, बलात्कार वा यौनजन्य हिंसा वा दुर्व्यवहार एक लिंगबाट मात्र हुन्छ भन्ने मान्यता स्थापित हुँदै जाने, तेस्रो लिंगीमाथि भएका बलात्कार जस्ता घटनालाई कानुनले गम्भीरतापूर्वक ग्रहण गर्न नसक्ने, कसैको निम्ति शारीरिक सम्बन्धका कारण विभिन्न तरिकाबाट आय आर्जनको बलियो स्रोत बन्न पुग्ने र अर्को लिंगको निम्ति त्यही विषय आफ्नो आर्थिक, सामाजिक र पारिवारिक वातावरण नै सकिने अनि फौजदारी अपराधमा साबित भएकै कारण सम्पूर्ण जीवन नै समाप्त हुनेजस्ता घटनाहरुका कारण हाल भइरहेका यौनजन्य अपराधसँग सम्बन्धित कानुनको समीक्षा गर्नुपर्ने आवश्यकता देखिएको छ । प्रचलित कानुनमा गरिएका व्यवस्थाहरु समाजलाई सकारात्मक बाटोतर्फ लैजाने उद्देश्यले गरिएको भए पनि परिणामत: उक्त कानुनको प्रभावबाट समाज नकारात्मक बाटोतर्फ जान खोजेको आभास हुन थाल्यो भने उक्त कानुनमा भएका व्यवस्था र अदालती अभ्यासहरुमा समेत पुनर्विचार गर्नु आवश्यक हुन्छ ।

समाजमा भएको चेतनाको विकास, यौनजन्य क्रियाकलापप्रतिको बुझाइ, सामाजिक सञ्चालन तथा विद्युतीय माध्यमको तीव्र विकासलगायतका कारण समाज यस मामिलामा युरोपको स्तरमा पुगेको, वैदेशिक रोजगार आदिका कारण यो वा त्यो रुपमा लिभिङ टुगेदरको रुपमा बस्दै आए पनि कानुनले उक्त विषय समेट्न नसकेको, यौन अपराध समाजमा उच्च छवि कायम गरेका व्यक्तिहरुलाई ट्र्याप गर्ने माध्यम बन्दै गएको, समाजमा यौनको विषय लज्जाको विषय हुन छाडेका कारण पनि यो एउटा लेनदेनको विषयको रुपमा समेत परिणत हुँदै गएको देखिएको छ । यिनै र यस्तै विभिन्न कारणले थुनाकेन्द्र र कारागारहरुमा कैदी बन्दीहरुको भीडभाड बढ्दै गएको अवस्थामा कानुनले वास्तविक अपराधी र परिबन्धमा परेका व्यक्तिहरुलाई अलग गरी कारबाही गर्न सक्ने वैज्ञानिक पद्धतिको आवश्यकता देखिएको छ ।

लैंगिक हिंसा रोकथाम तथा पीडकलाई सजाय र पीडितलाई न्यायका लागि कतिपय सवालमा सरकारी ध्यान पर्याप्त पुगेको देखिँदैन । उदाहरणको लागि मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाका समस्यालाई कुनै कानुनले समेत समेटेको देखिँदैन । त्यसै गरी पछिल्लो समय खासगरी काठमाडौंजस्ता शहरी क्षेत्रमा विकसित भइरहेको केटा र केटीसँगै बस्ने (लिभ इन् टुगेदर) मा देखिएका समस्यालाई कानुनद्वारा समेट्न सकेको छैन । तसर्थ फस्टाउँदै गइरहेको यौन व्यवसायसँग सम्बन्धित समस्याको सम्बोधन हालसम्म हुन सकेको छैन । विश्वव्यापीरूपमा प्रभावकारी बन्दै गएको र नेपालमा पनि छिटपुटरूपमा सुनिन थालेको कोख भाडामा दिने (सरोगसी) सँग सम्बन्धित समस्या र त्यसबाट हुन सक्ने जटिलताको समाधानका सम्बन्धमा समेत कानुनी व्यवस्थाको अभाव छ । त्यसैले एकातर्फ मौजुदा कानुनलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ भने अर्कोतर्फ नयाँ र नौला विषयलाई सम्बोधन गर्ने गरी कानुनको तर्जुमा गर्नुपर्ने आवश्यकता टड्कारो रहेको देखिन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# सबै बजेट गौरवका योजनामै खन्याउने कुरा हुँदैन

✍ कमलबहादुर शाह

६ वर्ष अघि सुदूरपश्चिम प्रदेशको तत्कालीन सरकारले ल्याएको प्रदेश गौरवको योजनाको अवधारणा धेरै राम्रो भए पनि बजेट क्षमता, व्यावहारिक पक्षलाई त्यति ख्याल गरि एन । समग्रमा सबै जिल्ला र पालिका जोड्ने सडक सञ्जाल विस्तार गर्ने योजनालाई नराम्रो भन्न मिल्दैन । तर, गौरवका योजनाहरूलाई हामीले सम्पन्न गर्न त्यही अनुसारको बजेट विनियोजन गर्न सक्नु पर्छ । गौरवका आयोजना भनेर घोषणा गरिदिने तर तिनको कार्यान्वयनलाई बजेट उपलब्ध गराउन नसक्ने अवस्था रह्यो भने त्यसले प्रतिफल दिन सक्दैन । त्यसैले योजना छनोट गर्दा बजेट सुनिश्चितता गर्नुपर्छ ।

हामीसँग भएका गौरवका योजनाहरूलाई पूर्णता दिन सकेका छैनौं । बजेटको अभावमा ती योजना अल्झिरहेको अवस्था छ । यसमा हामी समीक्षा गर्दैछौं । प्रदेश नीति तथा योजना आयोगमार्फत गौरवका योजनाहरूको अध्ययन गर्दैछौं । डिटेल रिपोर्ट आइसकेपछि त्यही अनुसार अगाडि बढ्छौं । गौरवका योजनाहरूमा सडक सञ्जालमात्रै छन् । सडक बनाउनु राम्रो कुरा हो । जनताको दैनिक जीवनमा पनि यसको महत्त्व हुन्छ । बजारीकरणमा सहज हुन्छ । सडक जति बनाउन सक्यो, त्यति नै राम्रो हो । यसलाई अन्यथा भन्न मिल्दैन । तर योजना छनोटमा विविधीकरण पटक्कै भएन । यसका लागि चाहिने मुख्य कुरा बजेट नै हो । सबै बजेट यसैमा केन्द्रित भयो भने अरू क्षेत्र प्रभावित हुन्छन् । विकास भनेको सडकमात्रै होइन । शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनलगायतलाई पनि सरकारले हेर्नुपर्छ । त्यसैले ती गौरवका योजनाको निर्माण पनि चरणबद्ध रूपमा नै अगाडि बढ्छन् ।

### महत्वाकांक्षी गौरवका योजना

गौरवका योजनाहरू पहिचान र नामकरण गर्दा हामो अवस्था, क्षेत्रलाई हेरेर दिनुपर्थ्यो भन्ने मेरो भनाइ हो । वास्तवमा यो गौरवका योजनाहरू सम्पन्न गर्ने आधार हामीसँग देखिएन । नौ-नौ वटा गौरवका योजना सम्पन्न गर्दैगर्दा अर्बौंको होइन, खर्बौं पैसा लाग्छ । केन्द्रमा गौरवका योजना छन् । जसमा निश्चित स्रोतसँगै निश्चित समयभित्र सम्पन्न गर्ने लक्ष्य हुन्छ । तर हामीकहाँ त्यो पनि भएन । गौर वका योजनाभन्दा पनि सडक सञ्जाल विस्तार योजना भनेर राखेको भए हुन्थ्यो । तर नौ-नौ वटा योजनालाई गौरवका योजनाभित्र राखिदिएपछि हाम्रो बजेटको सीमितताले त्यसलाई कभर गर्न सकेको छैन । कार्यान्वयनमा ढिलाइ हुनुको मुख्य कारण यही नै हो ।

गौरवको योजना दुई-चार वर्षमै सम्पन्न हुन सक्दैनन् । प्रदेश सरकारको सबै बजेट यसमै खन्याउने कुरा हुँदैन । प्रदेश सरकारले अरू क्षेत्रलाई पनि हेर्नुपर्ने हुन्छ । सरकारका लागि जनताको चासो जोडिएका सबै क्षेत्र उत्तिकै महत्त्वपूर्ण हुन्छन् । शिक्षा, स्वास्थ्य, कृषि लगायतका क्षेत्रलाई सरकारले नजरअन्दाज गर्न मिल्दैन । ती क्षेत्रका लागि पनि समुचित बजेटको व्यवस्था गर्नु सरकारको कर्तव्य र जिम्मेवारी पनि हो ।

यसरी बजेट सबै क्षेत्रमा बाँडफाँट गर्नुपर्ने भएकाले ठुलो खर्च लाग्ने गौरवका योजनालाई आवश्यकता अनुसार बजेट उपलब्ध गराउन समस्या हुन्छ । किनकि हामीसँग बजेटको स्रोत सीमित छ । त्यही सीमिततामा रहेर हरेक क्षेत्रमा काम गर्नुपरेको अवस्था छ । गौरवको योजना भनेर तत्कालै सम्पन्न गर्नै पर्ने भन्ने होइन । बजेट उपलब्धता अनुसार तिनका लागि प्रदेश सरकारले उपयुक्त बजेटको व्यवस्था गर्दै आएको छ । हामीले खण्ड-खण्डमा गरी ती योजनाको कामलाई निरन्तरता दिइरहेका छौं । काम हुँदै नभएको होइन तर मुख्य कुरा, ती सबै योजनालाई पूर्ण क्षमतामा सञ्चालन गर्न सक्ने बजेटको स्रोत सुनिश्चित नहुँदा अपेक्षा अनुसार काम नभएकोजस्तो देखिएको हो । तर काम नै नभएको भने होइन ।

### पुनर्मूल्याङ्कन हुन्छ

कुनै पनि योजनाको काम गर्दा मुख्य कुरा बजेट नै हो । त्यतिबेला गौरवका योजना राख्दा सडकको मात्र नराख्नुपर्ने थियो । सबै क्षेत्र समावेश गरेर राखेको भए बजेट पनि त्यसरी नै बाँडफाँट गर्न सजिलो हुन्थ्यो । एकातिर गौरवका योजना भनेर भनियो तर सबै योजना सडककै मात्र राखियो । जसले गर्दा गौरवका योजनालाई बजेटमा प्राथमिकता दिऊँ न त भन्दा अन्य क्षेत्रलाई बजेट नहुने अवस्था हुन्छ ।

एकदुई वटा कृषिको, एकदुई वटा पर्यटनका योजनाहरू राखिदिएको भए हुन्थ्यो । जसले गर्दा काम बजेट विनियोजन गर्न सहज हुन्थ्यो । यसअर्थमा तत्कालीन सरकारले ल्याएका यी योजनाहरूलाई अदूरदर्शी भन्न त मिल्दैन तर महत्वाकांक्षी योजना नै हुन् । यद्यपि ती योजना आवश्यक नै हुन् । यसलाई गौरवकै रूपमा नराख्दा हुन्थ्यो । राखेपछि सबै क्षेत्रको समावेश गरेर राख्नुपर्थ्यो । यसकारण यसमा बजेट व्यवस्था गर्न गाह्रो भएकै छ ।

त्यसो त विनियोजित बजेट खर्च नहुने समस्या पनि छ । पर्याप्त जनशक्ति नहुँदा बजेट खर्च हुन नसक्ने अवस्था छ । बजेट विनियोजन गर्दा सबै मापदण्ड पूरा नगरेका कारण पनि बजेट खर्चमा प्रगति नहुने समस्या छ । हाम्रो प्रक्रिया नै त्यस्तै छ । केही मापदण्ड पूरा नभएका कारणले पनि बजेट कार्यान्वयनमा जान नसक्ने अवस्था रहन्छ । त्यस कारण यहाँको बजेट ६० प्रतिशत, ६५ प्रतिशत खर्च हुने अवस्था विद्यमान छ । बाँकी बजेट जनशक्ति अभाव, प्राविधिक कुरा र केही प्रक्रियागत कुराले विलम्ब हुन जान्छ । अब हामी यी गौरवका योजनाहरूको बारेमा समीक्षा गर्दैछौं । नीति तथा योजना आयोगमार्फत यी योजनाका बारेमा पुनर्मुल्याङ्कन र पुनर्विचार गर्दैछौं । तर त्यसो भन्दै गर्दा हटाउने भन्नेचाहिँ होइन । तर त्योभित्र के-के समस्या छ ? कहिलेसम्म सम्पन्न गर्न सकिन्छ ? पहिलो वर्ष कति सकिन्छ ? दोस्रो वर्ष कति सकिन्छ ? त्यो खाकासहित हामी छलफल गर्छौं । स्वाभाविक रूपमा यो मेरो दोस्रो कार्यकाल हो । गौरवका योजनाहरूको बारेमा पुनर्मुल्याङ्कन र पुनर्विचार भइसक्नुपर्ने हो । तर केही राजनीतिक घटनाक्रमले पनि प्रभाव पारेको छ ।

*(साभार: रातोपाटी)*

नेपाल प्रिमियर लिग

# लुम्बिनीको आशा जगाउने रोहितको कप्तानी प्रदर्शन




काठमाडौं/एक होइन, दुई होइन । लगातार चार हार । त्यो पनि राष्ट्रिय टिमका कप्तान रोहित पौडेल कप्तान रहेको टिमको । कुनै टिमले लगातार चार जित, कसैले ३, कसैले २ त कसैले कम्तीमा १ खेल जितिसकेका थिए । चार खेलसम्म जितविहिन हुँदा लुम्बिनी लायन्सका कप्तान रोहित पौडेलमाथि कति दबाब थियो होला अथवा उनले के सोचिरहेका थिए होलान् । जति गरेपनि जित हात पार्दैन । कहिले १ रनले हार्ने, कहिले १९२ रन बनाएर पनि डिफेण्ड गर्न नसक्ने । दुई खेलमा जित नजिक पुगेर पनि हार्नुपरेको पिडा लुम्बिनी लायन्स माथि थियो ।

पाँचौ खेलमा आएर पहिलो जित हात पारेपछि कप्तान रोहित सहित लुम्बिनीका खेलाडी, कोचिङ स्टाफ, समर्थक देखि सबैले केही राहत महसुस गरे । चयनको शास फेर्न पाए । पहिलो जितपछि रोहितले भगवानलाई समेत धन्यवाद दिए । 'ब्याडली जित चाहिएको थियो । चार खेल भइसकेको थियो । विकेटहरु झर्ने बेला भगवानलाई थ्याङ्यु भनिराथैं ।' मंगलबार टीयू मैदानमा भएको पहिलो खेलमा लुम्बिनीले चितवन राइनोजलाई ३३ रनले हराएर पहिलो जित हात पार्‍यो । ५ खेलबाट टिमको खातामा २ अंक भएको छ ।

**कप्तानी इनिङ्स**

त्यसमा सबैभन्दा ठूलो योगदा उनै रोहितको रह्यो । उनले कप्तानीसहित ब्याट र बल दुवैमा लिड गर्दै सानदार प्रदर्शन गरे । लिड फ्रम दी फ्रन्ट भनेजस्तै सबै क्षेत्रमा रोहित छाए । रोहितले सुरुमा ८० रन बनाए अनी बलिङमा पनि सर्वाधिक ४ विकेट लिए ।

यो रोहितको उत्कृष्ट प्रदर्शन मध्येको एक हो । र उनको करियरको लामो समसयसम्म पनि यो प्रदर्शन सम्झनलायक हुनेछ । 'मे बी आजको प्रदर्शन राम्रै भयो । अझै धेरै आउन बाँकी छ । एनपीएल नै मेरो लागि राम्रो भइराछ । तर टिमको लागि लास्ट चार खेल राम्रो भइराको थिएन तर आज लाइन क्रस भयो राम्रो भयो ।' टीयू मैदानमा यो प्रदर्शन पर्सनल बेस्ट प्रदर्शन हो भनेर सुरुमै सोध्दा रोहितले भने ।

टस हारेर पनि ब्याटिङमा कप्तानी इनिङ्स खेल्दै टिमको स्कोर १६७-६ बनाए । जसमा रोहितले ८० रन योगदान गरे । ५७ बल खेल्दै ६ चौका र ५ छक्का प्रहार गरे । रोहितले एनपीएलमा बनाएको यो दोस्रो अर्धशतक हो । यसअघि उनले पोखरा एभेन्जर्स विरुद्ध ९५ रन बनाएका थिए । आफू मात्र होइन शाद विन जफरसँग मिलेर पाँचौ विकेटका लागि ११४ रनको शतकिय साझेदारी पनि गरे । एनपीएलमा पाँचौ विकेटका लागि भएको यो पहिलो शतकिय साझेदारी हो भने समग्रमा पाँचौ शतकिय साजेदारी हो ।

विवेक यादव भन्दा अघि साद विनले ब्याटिङ गरे । त्यो बोलाउने निर्णय पनि रोहितले नै गरे । 'बल टर्न गरिराथ्यो । टम पनि आउट भयो । बलिङमा लेफ्ट आर्म स्पीनर थियो । मैले लेफ्टी चाहियो भनेर कम्युनिकेट गरिराथैं । साद र मेरो राम्रो पार्टनसिर भयो र १६० क्रस भयो ।' रोहितले साद विन सँगको साझेदारी बारे भने । साद विन जफरले ३५ बल खेल्दै ४ चौका र १ छक्का मदतमा ५२ रन बनाए ।

**नयाँ बलमा बलिङ**

बिहानको कन्डिसनमा राम्रो स्कोर बनाएपछि त्यसलाई डिफेण्ड गर्नका लागि पनि रोहित आफैं अगाडी बढे । पहिलो ओभर बलिङ गरेका रामोन सिमोण्ड्ससँगै आफैं नयाँ बलर लिएर रोहित बलिङमा उत्रिए । आफ्नो पहिलो ओभरमै उनले चितवनका विपिन रावललाई आउट गरे । चौथो ओभरमा फेरि बलिङमा आएका रोहितले पहिलो बलमै सोहेल तनविरलाई कट एण्ड बोल्ड गरेपछि रोहितले आफ्नो र टिमको कन्फिडेन्स बढाइसकेका थिए ।

त्यसपछि रोहित १२औं ओभरमा बलिङमा आए । जहाँ उनले चितवनका अनुभवी रवि बोपारालाई आउट गरे अनी १४औं ओभरमा जान निकोल लफ्टी इटनलाई । यसरी उनले ४ ओभरमा जम्मा १७ रन खर्चेर महत्वपूर्ण ४ विकेट चट्काए । त्यहीबाट लुम्बिनीको जितको आधार कोरिएको थियो । मुख्य बलरहरुले विकेट लिन संघर्ष गरिरहँदा रोहितले पार्ट टाइम अफस्पीन बलिङबाट विपक्षीको विकेट झारेका हुन् । लगातार तीन खेलमा हारपछि रोहितले पोष्ट म्याचमा जोक गर्दै अब बलिङमा बुमराह ल्याउनेपर्ने बताएका थिए । तर चितवन विरुद्ध रोहितले आफैं सानदार बलिङ गरे ।

टीयू मैदानमा भएका टी२० खेलमध्ये एकै खेलमा अर्धशतक हान्ने र ४ विकेट लिने उनी चौथो खेलाडी हुन् । यसअघि सन् २०१७ को इपीएलमा पोखरा राइनोजमा इस्राुल्लाहले चितवन टाइगर्स विरुद्ध, २०२१ को इपीएलमा अजमतुल्लाह ओमारजाईले वार टनगर वारियर्स विरुद्ध र २०२२ मा टी२०आईमा नेपालका दीपेन्द्र सिंह ऐरीले पपुवा न्यु गिनी विरुद्ध यस्तो उपलब्धी हासिल गरेका थिए ।

**प्लेअफको आशा**

चितवनसँग हारेको भए लुम्बिनी लगभग प्लेअफ होडबाट बाहिरिने थियो । त्यसैले पनि यो जित अत्यावश्यक नै थियो । जितले राहतसँगै प्लेअफको झिनो आशा बढाएको छ । कप्तान रोहितले पनि प्लेअफ आशा कायम रहेको बताएका छन् । त्यसमा ठूलो योगदान उनैको रह्यो ।

'यो जित एकदमै महत्वपूर्ण हो । अझै पनि प्रतियोगिता सकको छैन जस्तो लाग्छ,' उनले भने, 'बाँकी दुई खेल जित्यो भने आशावादी हुन सक्छ अरुको नतिजा हेरेर । गडको पनि केही प्लान होला ।' लुम्बिनीले अब काठमान्ड गुर्खाज र कर्णाली याक्ससँग खेल्न बाँकी छ । बुधबार काठमान्डु गुर्खाजसँग खेल छ । उक्त खेलमा पराजित भए लुम्बिनीको यात्रा लिग चरणमा सकिनेछ पक्का छ । काठमान्डुलाई हराएको केही आशा बाँकी रहनेछ । अहिलेसम्म विराटनगर किंग्स, पोखरा एभेन्जर्स, सुदूरपश्चिम रोएल्स र जनकपुर बोल्टसँग लुम्बिनी पराजित भएको छ ।

**कारमा नजर** !

यस पटक एनपीएलमा उत्कृष्ट प्रदर्शन गर्ने एक नेपाली खेलाडीले ओमोडा कार पुरस्कार प्राप्त गर्नेछन् । त्यसैले नेपाली खेलाडीहरु राम्रो प्रदर्शन गर्न मोटिभेट भएका थिए । अहिलेसम्म लुम्बिनीले खराब प्रदर्शन गरेपनि व्यक्तिगत रुपमा भने रोहितले राम्रो प्रदर्शन गरिरहेका छन् । ब्याटिङमा दुई अर्धशतकसहित सर्वाधिक रन बनाउने रोहितले बलिङमा पनि ७ विकेट लिइसकेका छनु । टिमले हार्दा पनि उत्कृष्ट ब्याटिङ गर्दै बएका उनले पहिलो जितमा पनि महत्वपूर्ण भूमिका खेले ।

पहिलो जितपछि रोहितलाई कारतिर नजर के छ भन्ने प्रश्नमा उनले त्यसतर्फ नसोचेको बताए । 'लेट्स सी के हुन्छ । अहिलेसम्म केही सोचेको छैन,' रोहितले भने, 'यो टुर्नामेन्टमा राम्रो भइराछ ब्याटिङमा । पोजिटिभ फिल गरिराछु । बल राम्रोसँग आइराछ हरेक खेलमा । त्यो कन्टिनिउ गरिराछु ।' रोहितले राम्रो समय चलेको बेला राम्रोलाई अझ राम्रो बनाउन कोसिस गरिरहेको बताए । 'राम्रो टाइम चलेको बेला गुडलाई ग्रेटमा कन्भर्ट गर्न ट्राई गराछु । त्यसले काम गरिराछ ।'

**पहिलो खेलमा बलिङ नगर्नु गल्ती**

विशेगषरी ब्याटिङ गर्ने रोहितले पछिल्लो तीन खेलमा बलिङबाट ७ विकेट लिइसकेका छन् । उनले अघिल्लो खेलमा जनकपुर विरुद्ध २ विकेट लिएका थिए । त्यसअघि सुदूरपश्चिम विरुद्ध १ विकेट । पहिलो खेलमा विराटनगर किंग्स विरुद्ध बलिङ नै गरेनन् भने पोखरा विरुद्ध बलिङ रगेपनि विकेट लिन सकेनन् । अहिलेसम्म रोहितले ६ मध्ये ४ खेलमा बलिङ गरे । ब्याटिङमा बलियो लाइनअप भएपनि कम अनुभवी बलिङ र धेरै विकल्प नहुँदा पहिलो खेलपछि नै रोहितले आफैं बलिङ गर्न थाले ।

पहिलो खेलमा प्रतियोगिताकै सर्वाधिक (पहिलो इनिङ्समा) १९२ रन बनाउँदा पनि डिफेण्ड गर्न सकेन । पहिलो खेलमा विराटनगर विरुद्ध विवेक यादव महँगा साबिध भए । उनले ३.५ ओभरमा ६५ रन खर्चिए । जुन कुनै पनि बलरले एक खेलमा खर्चिएको प्रतियोगिताकै सर्वाधिक रन हो । त्यस खेलमा रोहितले बलिङ गरेनन् । खै किन हो । पछि भने उनलाई गर्नुपर्थ्यो भन्ने लाग्यो । पहिलो जितपछि रोहितले पनि त्यो खेलमा बलिङ नगरेर गल्ती भएको स्वीकारे । 'पहिलो खेलमा बलिङ नगर्नु गल्ती फिल भइराछ । त्यो मेरो मिस्टेक थियो । बलिङ गर्नुपर्थ्यो ।'

(स्रोत: अनलाइनखबर)

# अलराउण्ड प्रदर्शनले कर्णालीको जित कोर्दै बोसिस्टो



काठमाडौं/सन् २०१२ मा नेपालले आइसीसी यू-१९ विश्वकपमा अस्ट्रेलियासँग पनि खेलेको थियो । उक्त खेलमा नेपालले फराकिलो हार व्यहोरेको थियो । उक्त विश्वकपमा नेपाली टोलीबाट खेलेकामध्ये केही खेलाडीले अहिले एनपीएल खेलिरहेका छन् भने उनीहरूसँगै तत्कालीन अस्ट्रेलियन कप्तानले पनि एनपीएल खेलिरहेका छन् ।

ती अस्ट्रेलियन कप्तान हुन् विलियम बोसिस्टो जो कर्णाली याक्सबाट खेलिरहेका छन् । त्यति मात्र हैन, संयोगवश उनको आगमनपछि कर्णालीले तीनवटै खेल जितेको छ भने पछिल्ला दुई जितमा त उनले शानदार प्रदर्शन नै गर्दै म्यान अफ दि म्याच नै भएका छन् ।

विलियम बोसिस्टोलाई कर्णालीले हालसम्म सबैभन्दा अन्तिममा अनुबन्ध गरेको हो । विशेषगरी भारतीय खेलाडी शिखर धवन ४ खेलका लागि मात्र आएकाले कर्णालीले एक विदेशी खोज्नैपर्ने थियो । पाँचौं विदेशी खेलाडीका रूपमा भित्रिएका बोसिस्टोले धवन टिममै हुँदा पनि खेले ।

बोसिस्टोले चितवनसँग एनपीएलको डेब्यू खेल खेले । त्यसबेला उनको ब्याटिङको पालो आएन । बलिङबाट पनि विकेट लिएनन् । तर त्यसपछिको खेलमा उनले अर्धशतक बनाए भने एक विकेट पनि लिए । चौथो नम्बरमा ब्याटिङ गर्न आएका उनले ४९ बलमा ६६ रन बनाउनुका साथै बलिङमा पनि एक विकेट लिएका थिए । कर्णालीले ७ रनले जितेको उक्त खेलमा उनी म्यान अफ दि म्याच समेत भए ।

त्यसपछिको खेल अर्थात् मंगलबारको खेलमा उनले कीर्तिमानी बलिङ प्रदर्शन गरे । पोखरा एभेन्जर्ससँगको उक्त खेलमा बोसिस्टोले ४ ओभरमा २८ रन दिएर ६ विकेट लिए । उनको यही बलिङ प्रदर्शनले पोखरा २१ बल अगावै १०३ रनमा अलआउट भएको थियो ।

उनले पोखराका कप्तान कुशल भुर्तेलकै विकेट लिएर खेलमा आफ्नो विकेटको खाता खोलेका थिए । त्यसपछि उनले दिलीप नाथ, म्याट क्रिटेले, रेमोन रेइफर, नारायण जोशी र माइकल लिस्कको समेत विकेट लिए । जवाफमा कर्णालीले १५ ओभरमा उक्त लक्ष्य पूरा गर्दै खेल जित्न सफल भयो । बोसिस्टो गुल्शन झासँगै क्रिजमा नटआउट रहे । म्यान अफ दि म्याच फेरि पनि बोसिस्टो नै चुनिए ।

यसरी बोसिस्टोले कर्णालीमा अलराउण्ड प्रदरेशन गर्दै टोलीको जितको आधार बनाइरहेका छन् । उनले टोलीमा अस्ट्रेलियन स्वादको अलराउण्ड प्रदर्शनसहित टोलीमा मिठास भरेका छन् । सन् २०१२ को आइसीसी यू-१९ विश्वकपमा प्लेयर अफ दि सिरिज अर्थात् प्रतियोगिताकै उत्कृष्ट खेलाडी बनेका थिए बोसिस्टो । फाइनलमा उन्मुक्त चन्दको भारतसँग पराजित भएपनि प्रतियोगिताभर उनको प्रदर्शन राम्रो थियो ।

उनै बोसिस्टोको शानदार प्रदर्शनमा कर्णालीले प्लेअफमा पुग्ने यात्रा सहज बनाउँदै लगेको छ । यसमा कर्णालीका अन्य खेलाडीको पनि उत्तिकै योगदान छ तर बोसिस्टोको प्रभाव भने अलि स्पेशल नै छ । खेलपछि कुरा गर्दै उनल् पिचको अवस्थालाई बुझेर खेल्दा जित सम्भव भएको बताएका थिए । 'यो पिचमा ब्यटिङ गर्न सहज भइरहेको छैन । ब्याटिङ् टिम स्पीन बलिङमा अलि संघर्ष गरिरहेको थियो । हाम्रा ब्याटरहरूले पनि सुरूमा संघर्ष गरे तर पछि क्रिजमा टिक्दै गएपछि जित सम्भव भयो' उनले भने ।

साथै उनले पोखराको ब्याटरहरूको प्रशंसा समेत गरेका थिए । 'उनीहरूसँग राम्रो फर्ममा भएका ब्याटहरू छन् । ओपनर हरूले रामरो सुरूवात दिलाएपछि हामी स्पीनबाट विकेट निकाल्न सक्छौं कि भन्ने थियो । त्यस्तै भयो, ६ विकेट पनि पाएँ' उनले भने । उनले नेपाल आउन पाउँदा पनि निकै खुसी लागेको बताए। 'म पहिले नेपाल आएको थिइँन, यो एकदम राम्रो अवसर भयो सबैजनासँग भेट्न पाइयो, युवा प्रतिभाहरूसँग खेल्न पाइयो' उनले भनेका थिए ।

बोसिस्टोको आगमनले कर्णालीलाई एउटा मिडल अर्डर ब्याटर र स्पीन बलरको विकल्प दिएको छ । अस्ट्रेलियाको यू-१९ टोली तथा बिग ब्यासमा पर्थ स्कोर्चर्सको टिमबाट खेलिरहेका बोसिस्टो यस्तै फर्ममा रहिरहने हो भने उनले अन्य खेलाडीहरूसँग मिलेर कर्णालीका बाँकी सबै खेलमा पनि जितको आधार तय गर्न सक्छन् ।

कर्णालीले अब लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्ससँग खेल्न बाँकी छ । दुवै खेल जितेमा शीर्ष दुई लगभग पक्का हुनेछ ।

(स्रोत: अनलाइनखबर)

# 'सारङ्गी'को भुक्तानी रोक्न सेभेन सिजका दुई संचालकको वितरकलाई पत्र





काठमाडौं/घरेलु बक्स अफिसमा कीर्तिमानी व्यापार गरेको फिल्म 'पूर्णबहादुरको सारङ्गी' एकपछि अर्को विवादको चंगुलमा फसिरहेको छ । कहिले कथा चोरीको आरोप लाग्छ । कहिले निर्माताले शोमा विभेद भएको भन्दै फिल्मको रिलिज नै रोक्ने घोषणा गर्छन् । यो निर्णयका कारण 'सारङ्गी' निर्माण कम्पनीको कुनै पनि फिल्म अब प्रदर्शकले हलमा नचलाउने घोषणा गरेका छन् ।

फिल्मको रिलिजलाई लिएर निर्माता र प्रदर्शकबीच पैंठेजोरी चलिरहँदा फिल्मको निर्माण कम्पनी सेभेन सिज इन्टरटेनमेन्टका सञ्चालक बीच नै फाटो आएको छ । कम्पनीका दुई सञ्चालक प्रतिक पौडेल र रमेश ढकालले वितरक कम्पनीद्वय ब्यांकटेस इन्टरटेनमेन्ट र टी-फोक फिल्म्सलाई सोमबार पत्र लेख्दै फिल्मको बाँकी भुक्तानी रोक्न आग्रह गरेका छन् ।

पत्रमा भनिएको छ, 'हाल उक्त चलचित्रको शेयर रकम भुक्तानी सेभेन सिज सिनेमाको नाममा जम्मा भइरहेको जानकारीमा आएको हुँदा हालसम्म भएको भुक्तानीको जानकारी गराएर बाँकी भुक्तानी रोक्का गरि यस कम्पनीको हामी सञ्चालकहरुको रोहवरमा फाइनल हिसाब किताब गरि सम्बन्धित हाम्रो संयुक्त बैंक खाता रहेको कम्पनीमा मात्र भुक्तानी गर्नुहुन अनुरोध छ ।'

सेभेन सिज इन्टरटेनमेन्टको स्ट्याम्प लगाइएको उक्त पत्र सेभेन सिज सिनेमा, बाँसुरी फिल्म्स, नेपाल चलचित्र संघ, नेपाल चलचित्र निर्माता संघ र चलचित्र विकास बोर्डमा पनि पठाइएको छ । त्यसमा सञ्चालकद्वय प्रतिक र र मेशले चलचित्र विकास बोर्डले केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड)लाई पठाएको 'सिफारिस पत्र' पनि समावेश गरेका छन्, जसमा 'पूर्णबहादुरको सारङ्गी'को निर्माण कम्पनीको नाम सेभेन सिज इन्टरटेनमेन्ट उल्लेख छ ।

केही दिनअघि सेभेन सिज सिनेमाको लेटर प्याडबाट फिल्मको प्रदर्शन स्थगन गर्ने घोषणा गरिएको थियो । र, सोमबार सोही लेटर प्याडबाट प्रदर्शनलाई निरन्तरता दिने निर्णय भएको जनाइएको थियो । तर, सोमबार प्रतिक र रमेशले वितरकलाई पठाएको पत्रमा सेभेन सिज इन्टरटेनमेन्टबाट फिल्म निर्माण भएकाले सेभेन सिज सिनेमाको नाम भइरहेको भुक्तानी रोक्न भनिएको छ । यसबाट के देखिन्छ भने फिल्मको निर्माण एउटा कम्पनीबाट भएर रकम भुक्तानी अर्को कम्पनीमा भइरहेको छ ।

सेभेन सिज इन्टरटेनमेन्टको सञ्चालकमा प्रतिक र रमेशसहित विनोद पौडेल छन् । प्रतिक र रमेशले अर्को कम्पनी (सेभेन सिज सिनेमा)को नाममा भइरहेको भुक्तानी रोक्न वितरकलाई पत्र उठाएपछि सञ्चालकहरुबीचको विवाद सतहमा आएको हो । बोर्डले सेभेन सिज इन्टरटेनमेन्टबाट फिल्मको निर्माण भएको जनाउँदै सेन्सर बोर्डलाई पत्र पठाएको भेटिएपछि अब सेभेन सिज सिनेमाको नाममा भइरहेको फिल्मको शेयर रकम भुक्तानी वितरकले रोक्न सक्ने देखिन्छ ।

# युट्युबमा 'कार्साङ'को टिजरलाई प्रशंसाको ओइरो



काठमाडौं/अभिनेता दयाहाङ राईको शीर्ष भूमिका रहेको फिल्म 'कार्साङ' आगामी पुष २६ गतेबाट प्रदर्शनको तयारीमा छ । यसमा उनले शेर्पा समुदायको धामीको भूमिका निभाएका छन् । उनको करिअरमै यसकिसिमको भूमिका पहिलो हो । यसैले पनि फिल्मप्रति दर्शकमा चासो देखिएको छ । यसमा दयाहाङसहित जितु नेपाल, दीया मास्के, सिर्जना निङलेखुको पनि मुख्य भूमिका छ ।

फिल्मको ६ दिनअघि टिजर सार्वजनिक गरिएको थियो, जसलाई युट्युबमा प्रशंसाको ओइरो देखिएको छ । ८ लाख भ्यूजको सम्मुखमा रहेको टिजरलाई लगभग शतप्रतिशत सकारात्मक प्रतिक्रिया प्राप्त छ । कतिले दयाहाङ र जितुको अभिनयको प्रशंसा गरेका छन् भने कतिले नेपाली समाजको वास्तविक कथालाई फिल्मले उठाएको प्रतिक्रिया जनाएका छन् ।

युट्युबमा टिजरले उत्साहजनक प्रतिक्रिया पाएपछि निर्देशक तथा लेखक यम शेर्पाले खुसी व्यक्त गरेका छन् । 'जुन समुदायको संस्कृतिलाई हामीले देखाएका छौं, त्यसलाई दर्शकले मन पराउनुभएको छ । धेरैपछि शेर्पा समुदायको कथा हेर्न पाइने भयो भन्ने उत्सुकता दर्शकमा देख्दा खुसी लागेको छ,' उनले भने, 'टिजरले दर्शकमा बढाएको अपेक्षालाई फिल्मले निराशामा बदल्ने छैन ।'

सार्वजनिक टिजरमा ग्रामीण परिवेश र शेर्पा समुदायको सांस्कृतिक र धार्मिक पक्षलाई देखाउन खोजिएको छ । जसमा धामी बनेका दयाहाङ राईले गरिबीका कारण जीवन चलाउन गरेको संघर्षलाई प्रस्तुत गरिएको छ । उनको साथीको भूमिकामा रहेका जितुको सन्तान नहुँदा श्रीमतीसँग भएको नोकझोंकलाई पनि टिजरमा रोचक शैलीमा देखाइएको छ ।

यसमा बुद्धि तामाङ, सृष्टि गौतम, डोमा ह्योल्मो, प्रेम लोप्चन, सुरवीर पण्डित, कविता आले, कर्मा शेर्पा, छोकी शेर्पा छिरिङ शेर्पा, दीलिप पन्त, बाल कलाकारहरु राशी लिम्बु, सोहन थापा लगायतको पनि अभिनय रहेको छ । फिल्मका निर्माता तथा छायाँकार पुरुषोत्तम प्रधान हुन् । यसमा सह-निर्माताको रुपमा गोविन्द बोहरा छन् भने कार्यकारी निर्मातामा आङछिरिङ शेर्पा छन् ।

# 'श्री बुकुरो'बाट निर्देशनमा सुदीपको कमब्याक, मुख्य भूमिकामा आशीर्वाद

काठमाडौं/निर्देशक सुदीप भुपाल सिंहले फिल्म 'श्री बुकुरो'बाट ७ वर्षपछि निर्देशनमा कमब्याक गरेका छन् । मंगलबार स्केच पोस्टरमार्फत् उनले आफ्नो कमब्याक फिल्मबारे जानकारी गराए । यो उनको तेस्रो निर्देशकीय फिल्म हो । पछिल्लो पटक सन् २०१७ मा रिलिज भएको 'रुद्रप्रिया' निर्देशन गरेका उनले त्यसअघि हरर जनरामा 'माला' बनाएका थिए ।

छायांकन पूरा भइसकेको 'श्री बुकुरो'मा आशीर्वाद क्षेत्री, लक्ष्मी गिरी, निकिता आचार्य, प्रतिकराज आचार्य, रोशनी कार्की, राजन इशान, दीपिका थापा, लय संग्रौला, मोहन निरौला लगायतको अभिनय छ । स्केच पोस्टरमा आशीर्वाद सहितका कलाकारहरु चित्रित छन् भने एउटा घर र मन्दिर पनि देख्न सकिन्छ । ग्रामीण परिवेशको कथामा फिल्म बनेको पोस्टरले बुझाउँछ ।

बुकुरोको अर्थ झुप्रो घर भन्ने हुन्छ । 'द होम कलिङ' उपशीर्षक राखिएको फिल्मले एउटा घरलाई केन्द्रमा राखेर कथा भनेको बुझ्न सकिन्छ । निर्देशक सिंह स्वयंको लेखन तथा रुबी सेन सिंहको निर्माण रहेको फिल्मलाई सञ्जय लामा र राजेश श्रेष्ठले छायांकन गरेका हुन् । यतिबेला पोस्ट प्रोडक्सनमा रहेको फिल्मको यसै साता टिजरमार्फत् प्रदर्शन मिति घोषणा गरिने जनाइएको छ । मुस्ताङ, बाग्लुङ, कास्की, दमौली, मकवानपुर र काठमाडौंमा गरी ५७ दिनसम्म छायांकन भएको फिल्मको गीतमा रञ्जीत गजमेर र बसन्त सापकोटाले संगीत दिएका छन् । निर्देशक सिंहले फिल्म पारिवारिक कथामा बनेको जानकारी दिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# नेपाली ब्राण्डको शानदार शुरुवात

काठमाडौं/१० हजार दर्शकहरू एकैपल्ट कराउँदा कीर्तिपुरका चराहरू रुखका हाँगाबाट भुर्र उड्छन् । शान्त सुस्ताइरहेका कुकुरहरू उठेर यताउता दगुर्छन् । त्रिभुवन विश्वविद्यालयको पठनपाठनलाई एकैछिन दखल पुग्छ । खासमा विद्यार्थी, प्राध्यापक आफैं पनि क्रिकेट मैदानको अपडेट बुझ्न मोबाइल कोट्याउँछन्, कान तिख्याउँछन् ।

नेपाल प्रिमियर लिग (एनपीएल) आयोजना हुनुअघि पनि कीर्तिपुरमा यस्ता थुप्रै राष्ट्रिय-अन्तर्राष्ट्रिय क्रिकेट भइसकेका छन् । तर नेपाली क्रिकेट इतिहासको ठूलो आयोजना मंसिरभर, अनि पुस ६ सम्म चल्दैगर्दा वरपरको दैनिकी रमाइलो पारामा प्रभावित छ ।

आयोजक नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्काले संचारकर्मीसँग कुरा गर्दै यस प्रतियोगितालाई क्रिकेटमात्रै होइन, समग्र नेपाली खेल क्षेत्रकै ठूलो आयोजना भनी सगौरव दावा गरेका छन् ।

'आठ दिनमा २ करोड भन्दा बढीको त घाँसेमैदानकै टिकट बेचिसकेका छौं, ३ सय र ५ सयको टिकट बेचेर कमाएको पैसामा केही भीआईपी टिकटको आम्दानी थपिएको हो,' खड्का भन्छन्, 'एनपीएलमा मैले आम दर्शक र सरोकारवालाहरूको जुन उत्साह देखें, यसले नेपाली खेल क्षेत्रमा मात्रै होइन, समग्र नयाँ पुस्ता र हाम्रो राष्ट्रिय जीवनमा केही नयाँ परिवर्तन आइरहेको छ ।'

र, यो रमाइलो केवल क्रिकेट पारखीको दुनियाँमा सीमित छैन । नेपालको सुस्त अर्थतन्त्र, उदास नागरिक जीवन, खासगरी युवाहरूको ऊर्जालाई चलायमान बनाउन एनपीएलले जुन योगदान दिइरहेको छ, त्यसको प्रभाव खेलविधाभन्दा अन्यत्र पनि प्रसार भइरहेको छ ।

त्रिवि अर्थशास्त्र विभाग प्रमुख रेशम थापा भन्छन्, 'आइपीएलकै जस्तो रमाइलो घरकै छेउमा देख्न पाइएको छ । साइजका हिसाबले यो पाकिस्तान र बंगलादेशको क्रिकेट लिगभन्दा ठूलो हो भन्ने मैले बुझेको छु ।' कालापत्थरको ढुंगा राखिएको एनपीएल कपलाई प्रधानमन्त्री केपी शर्मा ओलीबाट अनावरण अनि खेल उद्घाटन सत्रअगावै १२ हजार टिकट हारालुछ बिक्री हुनु यो खेलप्रति दर्शक झुकावको गतिलो प्रमाण हो । फ्रेन्चाइजको राइट बिक्री, देशी विदेशी खेलाडीको अक्सन, पाँचतारे होटल, राष्ट्रिय अन्तर्राष्ट्रिय विमान टिकट, स्टार स्पोर्ट्सको प्रसारण अधिकार, क्रिकेट मैदानमा बोर्ड राखेर विज्ञापनजस्ता ठूला खर्चमात्रै होइन, वरपरका रेस्टुरेन्ट, बदाम सुन्तला बेच्नेदेखि हेलमेट रुङ्गेर आयस्ता जुटाउनेहरूको सानो अर्थतन्त्र पनि कहीं न कहीं एनपीएलकै वरिपरि छ ।



क्यान सचिव खड्काले हामीसँग बताए अनुसार एनपीएल-अर्थतन्त्रको 'नेट वर्थ' ८० करोड रुपैयाँ हाराहारी छ । 'स्पोन्सरसिप, एयरलाइन्स, होटलदेखि पठाओ इन्ड्राइभसम्मको हिसाब निकाल्दा जुन आकार आउँछ, यो निकै उत्साहजनक छ,' खड्का भन्छन्, '८ टिमको ५ करोड औसत खर्चमात्रै निकाल्दा पनि ४० करोड हुन्छ । क्यानले १५ करोड खर्चेको छ । अरु क्षेत्रको हिसाब निकाल्न समय लाग्छ, तर ८० करोड हामीले आकलन गरेका छौं ।'

नेपाल सरकारको न्युन बजेट प्राथमिकतामा परेको खेलकुद, त्यसमा पनि कमैमध्येको प्राथमिकतामा रहेको क्रिकेट- यति थोरै अवसर पाएर पनि एनपीएलमार्फत् जुन महाकुम्भ चलिरहेको छ, यसले भारतजस्तो क्रिकेट महाशक्तिको छिमेकमा नेपालले दिइरहेको 'अन्तर्राष्ट्रिय समाचार' चर्चायोग्य छ । यसरी नेपाली अर्थतन्त्रलाई खेल पर्यटनको माध्यमबाट टेवा दिन एनपीएल आइपुगेको छ । खेलकुदमन्त्री तेजुलाल चौधरी भन्छन्, 'विश्वका नामी खेलाडी आएर खेले, हाम्रा क्रिकेटरले पनि सिक्न पाए । पर्यटन, रोजगारीतिर पनि यो उत्सवले योगदान गर्‍यो ।'

मन्त्री चौधरी, क्यान अधिकारीहरूले भनेझैं एनपीएलको प्रतिष्पर्धा भने केवल आर्थिक पक्षमा सीमित छैन । सात संघीय प्रदेशहरूलाई प्रतिनिधित्व गर्ने आठ फ्रेन्चाइज टिमहरूले जुन अन्तर-प्रादेशिक भाइचारा र प्रतिष्पर्धाको मनोविज्ञान निर्माण गरेका छन्, त्यसले प्रकारान्तरले संघीयताकै मलजल गर्ने अर्थशास्त्रीहरूको विश्लेषण छ ।

'संघीयताले प्रदेशहरू बीच सकारात्मक प्रतिष्पर्धालाई जोड दिन्छ भन्ने दृष्टान्त क्रिकेटमार्फत् देख्न पाइयो,' अर्थशास्त्री रेशम थापा भन्छन्, 'कुन प्रदेश अब्बल, कुन प्रदेशले अझै मेहनत गर्नुपर्छ भन्ने विश्लेषण पनि यही बीचमा हुन्छ । सबैलाई कहीं न कहीं फाइदा पुग्छ ।'

बागमतीका काठमान्डु गुर्खाज र चितवन राइनोजलाई छाड्ने हो भने हरेक प्रदेशपिच्छे एक-एक टिम एनपीएलमा प्रतिस्पर्धारत छन् । कोशीको विराटगर किङ्स, मधेसको जनकपुर बोल्ट्स, गण्डकी पोखरा एभेन्जर्स, लुम्बिनीको लुम्बिनी लायन्स, कर्णालीको कर्णाली याक्स्, सुदुरपश्चिमको सुदुरपश्चिम रोयल्स यसका उदाहरण हुन् ।

हारजित जसको जे भए पनि प्रदेशका नागरिकले चाहे नेपालबाट, चाहे प्रवासबाट आफ्नो माटोको फ्रेन्चाइजलाई स्नेहले साथ दिइरहेका छन् । मिडियाका प्रत्यक्ष प्रसारण र खबरको उक्लँदो ट्राफिक ग्राफले यसलाई प्रष्ट पार्छ । शिखर धवन, बेन कटिङ, जिमी निसम, सोहेब तन्विर, मार्टिन गप्तिलजस्ता ४० जति विदेशी सेलेब्रिटी क्रिकेटरको नेपाल आगमनले कीर्तिपुर मैदानको रौनक नै बढाइदिएको छ । यी पंक्ति लेखिँदै गर्दा महान क्रिकेटर ब्रायन लारा एनपिएल हेर्नकै लागि काठमाडौं आउने सूचना हामीलाई प्राप्त भएको छ । अनि विश्व क्रिकेटमा चर्चित कमेन्टेटर र खेलाडीहरु कोच बनेर आएको तथ्य पनि याद गर्नुपर्ने खालको छ ।

अब फ्लडलाइट व्यवस्थापन, प्रदेश-प्रदेशमा रंगशाला निर्माण र स्तरीकरण, खेलका लागि आवश्यक जनशक्ति र पूर्वाधार दिन सके क्रिकेटमार्फत् व्यावसायिकतामात्रै होइन, पर्यटन नै प्रवर्द्धन पनि गर्न सकिने बताउँछन्, राजनीतिशास्त्री समृद्ध घिमिरे ।

'प्रदेशपिच्छे टिम बनाउने बेला त्यही ठाउँमा क्याम्प चलाए, गाउँसम्म रहेका प्रतिभाको खोजी गरे,' घिमिरे भन्छन्, 'अहिले भिन्न प्रदेशका भिन्न संस्कृति बोक्ने युवा खेलाडी एकै ठाउँ बसिरहेका छन् । एक अर्कालाई बुझ्ने क्रममा देशकै साझा संस्कार बुझिरहेका छन् । यो सानो कुरा होइन । यसले काठमाडौंको अर्थतन्त्रमात्रै उकासेको छैन, राष्ट्रिय भावनामै वृद्धि गर्न सघाएको छ ।'

एनपीएल सुरुवात हुनुअघि धनगढी प्रिमियर लिग, पोखरा प्रिमियर लिग, एभरेस्ट प्रिमियर लिग आयोजना नथालिएका होइनन् । तर आर्थिक लगायत थुप्रै व्यवस्थापकीय कारण देखाउँदै ती नचल्ने अवस्थामा पुगे । यति बेला एनपीएल गराउन स्वयं क्रिकेट एसोसियसन अफ् नेपाल (क्यान) को अग्रसरता, ठूला कर्पोरेट घरानाको आर्थिक साथ, अनि नाम चलेका विदेशी क्रिकेटरको आगमनले यसलाई नयाँ उचाइ दिएको छ ।

'एउटा नयाँ बजारको जन्म भयो । एनपीएलमार्फत् लगानीको नयाँ ठाउँ आयो,' अर्का अर्थशास्त्री समीर खतिवडा भन्छन्, 'नेपाली अर्थतन्त्र चलायमान बनाउनका लागि यो 'पोजिटिभ स्पिलओभर' हो । क्यानले बलियो नियमन र सुपरीवेक्षण गर्न सक्यो भने नेपालमा योभन्दा ठूलो अवसर सिर्जना हुन सक्छ ।'

याद गर्नुपर्ने के छ भने केही अघिसम्म फुटबलमार्फत् दक्षिण एसियाली क्षेत्रीय परिवेशमा चर्चामा रहने गरेको नेपालले पछिल्लो डेढ दशकमा क्रिकेटमा जुन उचाई लियो, यसले अब नेपालको सफ्ट पावर वृद्धि गर्ने क्षमता नै फुटबलबाट सरेर क्रिकेटमा पुगेको छ ।

यसअघि ०८० पुसमा भारतीय विदेशमन्त्री सुब्रमन्यम जयशंकर काठमाडौं आएका बेला नेपाल क्रिकेट संघ (क्यान) पदाधिकारी र खेलाडीसँग भेटेका थिए । द्वारिकाज् होटलमा क्यानका अध्यक्ष चतुरबहादुर चन्द, सचिव पारस खड्का तथा नेपाली राष्ट्रिय टोलीका कप्तान रोहित पौडेल, दीपेन्द्रसिंह ऐरीलगायत ६ खेलाडी भेट्दै भारतीय विदेशमन्त्री जयशंकरले दीर्घकालीन र अल्पकालीन योजना बनाउन सुझाएका थिए ।

त्यसबेला नेपाली पक्षले उनीसँग कीर्तिपुर क्रिकेट मैदानलाई अन्तर्राष्ट्रियस्तरको सुविधासम्पन्न बनाइदिन, अनि नेपाल र भारतबीच दुईपक्षीय शृंखला खेलाउने व्यवस्था गरिदिन माग गरेको थियो । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संसदमा नेपाली क्रिकेटरको नाम लिने, आइपीएलमा नेपाली खेलाडीको खोजी हुने, अनि भारतीय सरकारले क्रिकेटलक्षित चासो देखाउने क्रम बढ्नुले यो नेपालको उदाउँदो सफ्ट पावर बनिसकेको प्रमाणित गर्छ ।

तर तथ्यको अर्को पाटो पनि छ । नेपाली क्रिकेटरहरू सीमित सुविधा र वातावरणका बीच भारतजस्तो क्रिकेट महाशक्ति राष्ट्रसँगै पटक पटक प्रतिष्पर्धा गरिसकेका छन् । पुग्दो बजेट, तलब, र सुरक्षित करिअर नहुँदा पनि विश्वका कतिपय क्रिकेट राष्ट्रहरूलाई आच्छु-आच्छु पार्ने खेलहरूमा सामेल भइसकेका छन् । स्वयं क्यान सचिव पारस खड्का त्यसका एक सुरुवातकर्ता हुन्, जसलाई अघि लगाएर एनपीएलको महाखेल जारी छ ।

यद्यपि एनपीएलमा जे कमाइ हुन्छ, त्यो क्यान एक्लैले राख्ने भने गर्दैन । आम्दानीको ५० प्रतिशत रकम ८ वटा फ्रेन्चाइजलाई बाँडिन्छ । विज्ञापनदाताबाट आएको, प्रसारण अधिकार बिक्री, अनि टिकट बिक्रीबाट आएको रकम तिनै फ्रेन्चाइजले पाउँछ । फ्यान कोड, एक्सन स्पोर्टस्लाई दिएको प्रत्यक्ष प्रसारण अधिकारको रकम पनि क्यानले पाउँछ, जो फ्रेन्चाइजहरूमै बाँडिन्छ ।

फ्रेन्चाइज प्रवर्द्धकहरू पनि आर्थिक फाइदाको सम्भावना प्रत्याभुत नहुँदा पनि राष्ट्रिय अर्थतन्त्र र प्रतिष्ठा उठाउन योगदान दिन पाउनुलाई आफ्नो उपलब्धि ठानिरहेथे । अब त आर्थिक आम्दानीकै बाटो पनि खुलाउने संकेत देखिइसकेका छन् ।

आठ फ्रेन्चाइजमध्ये कर्णाली याक्सका सहप्रवर्द्धक गृहेन्द्र घिमिरे यस्तै सन्तुष्टि लिइरहेका एक प्रतिनिधि हुन् । उनी शिखर धवनजस्तो खेलाडीलाई आफ्नो टिममा अनुबन्ध गर्दाको सन्तुष्टि अतुलनीय रहेको सुनाउँछन् । अन्तर्राष्ट्रिय क्रिकेटरसँग सहकार्य गर्ने क्रममा आफूले ब्रान्डिङको महत्त्व अझै बुझेको उनले बताए ।

'धवनजस्ता नामी विदेशी खेलाडी, अनि यहाँका प्रतिभाशाली खेलाडीलाई एकै ठाउँ राखेर एनपीएलको गरिमालाई टेवा पुर्‍याउन पायौं,' सहप्रवर्द्धक घिमिरे भन्छन्, 'आज आइपीएल वा भारतीय क्रिकेटलाई ज्यान फालेर पछ्याउनेहरू एनपीएलतिर आँखा लगाउन थालेका छन् । यो हामी नेपालीका लागि सानो कुरा होइन ।'

क्यान सचिव खड्काले थुप्रै लगानीकर्ता जोडिन खोजे पनि उनीहरूको व्यावसायिक निष्ठा र पारदर्शितालाई प्राथमिकता दिँदै एनपीएलको स्वच्छता कायम गर्न खोजिएको बताए ।

यसअघि विभिन्न प्रतियोगिताहरू बेटिङ लगायत आर्थिक मुद्दाहरूमा बदनाम भएको पाठ सिकेर अघि बढ्न खोजेको उनको भनाइ छ । स्वयं क्यान आफैंले दुई सालअघि भारतीय कम्पनी सेभेन थ्री स्पोर्ट्ससँग मिलेर नेपाल टी २० लिगका नाममा फ्रेन्चाइज प्रतियोगिता सुरु गरेको थियो । तर बेटिङ, स्पट फिक्सिङ आदिले दिगो हुन नसकेको निकट विगत छ ।

*(स्रोत: अनलाइनखबर)*

# डिजिटल भुक्तानीमा सरकारले लगाएको भ्याट विरुद्धको रिट खारेज




काठमाडौं/डिजिटल भुक्तानीमा सरकारले चालु आर्थिक वर्ष (आव) देखि लगाएको मूल्य अभिवृद्धि कर (भ्याट) खारेज गर्न माग गर्दै दायर भएको रिट निवेदन सर्वोच्च अदालतले खारेज गरेको छ ।

न्यायाधीशहरू तिलप्रसाद श्रेष्ठ र टेकप्रसाद ढुंगानाको इजलासले रिट निवेदन खारेज गरेको हो । अधिवक्ता अनुपम भट्टराईले डिजिटल भुक्तानीमा लाग्दै आएको भ्याट खारेज हुनुपर्ने माग राखेका थिए । सरकारले डिजिटल भुक्तानीमा पनि भ्याट लगाइदिएपछि फोनपे, ईसेवा, खल्ती, कनेक्ट आईपीएस लगायत प्रयोग गरेबापत सेवा शुल्क बढेको छ ।

नेपाल क्लियरिङ हाउस, फोनपे जस्ता डिजिटल भुक्तानी सेवा प्रदायकलाई सरकारले भ्याट छुटको दायराबाट हटाएपछि उनीहरूले भ्याट तिर्नुपर्ने भएको थियो । त्यसरी यी कम्पनीले प्रदान गर्ने सेवा शुल्कमा भ्याट लाग्ने भएपछि त्यसको भार सेवाग्राहीलाई परिरहेको छ । यी कम्पनी भ्याटमा दर्ता भएर संकलन समेत सुरु गरिसकेका छन् ।

बैंक तथा वित्तीय संस्था कर छुट पाउने सूचीमा छन् भने भुक्तानी सेवा प्रदायक यसअघि नै भ्याटको दायरामा छन् । क्लियरिङ हाउस भ्याट छुटको सुविधा पाउने सूचीमा हुँदा नेपाल क्लियरिङ हाउस र फोनपे भ्याटमा दर्ता भएका थिएनन् । तत्कालीन अर्थमन्त्री वर्षमान पुनले १५ जेठ २०८१ मा संसदमा प्रस्तुत गरेको आर्थिक विधेयक २०८१ मा भ्याट छुट पाउने सेवा सूचीमा रहेको क्लियरिङ हाउसलाई हटाएका थिए ।

त्यसपछि सरकारले भुक्तानी प्रणाली सञ्चालन गर्ने नेपाल क्लियरिङ हाउस र फोनपेबाट वित्तीय कारोबारमा लिएको सेटलमेन्ट शुल्कमा १३ प्रतिशत भ्याट लिन थालेको हो । सरकारले भ्याट नीतिमा परिवर्तन गरेसँग दुई मुख्य वालेट ईसेवा र खल्तीले १ सय रूपैयाँभन्दा बढी रकम एक व्यक्तिबाट अर्को व्यक्तिमा पठाउँदा प्रतिकारोबार १० रूपैयाँ शुल्क लिन थालेका थिए ।

नेपाल राष्ट्र बैंकले अन्तरबैंक फन्ड ट्रान्सफरमा प्रति कारोबार अधिकतम १० रूपैयाँसम्म मात्रै शुल्क लिने पाउने व्यवस्था गरेको छ । नेपाल क्लियरिङ हाउसको सेवामा भने अधिकतम ८ रूपैयाँसम्म शुल्क लिने गरेको छ । क्लियरिङ हाउसले १ साउनदेखि सेवामा भ्याट जोडेर लिन थालेको थियो ।

फोनपेले पनि पैसा ट्रान्सफर गर्दा लाग्ने १० रुपैयाँ शुल्कमा थप १३ प्रतिशत जोडेर लिन थालेको छ । डिजिटल बैंकिङ कारोबार सेटलमेन्ट शुल्कमा लागेको भ्याट सैद्धान्तिक रूपमा नमिलेको दाबी गर्दै अधिवक्ता भट्टराईले दायर गरेको रिट सर्वोच्चले खारेज गरिदिएपछि अब सरकारलाई निरन्तर भ्याट उठाउन बाटो खुलेको हो ।

*(स्रोत: अनलाइनखबर)*

# नाकामा चिनी तस्कर सक्रिय, नेपाली उद्योगी मारमा

काठमाडौं/भारतसँगको खुला सिमानाबाट हुने तस्करी र नाकाबाट हुने अनधिकृत आयातले नेपाली चिनी उद्योगीहरू समस्यामा परेका छन् । नेपालको चिनीको भन्दा भारतमा चिनीको मूल्य कम हुँदा भारतबाट चिनी तस्करीमार्फत् पैठारी हुँदा नेपालमा उत्पादन भएको चिनीले बजार नपाउने समस्या सिर्जना भएको उद्योगीहरूले बताएका छन् ।

मंगलबार नेपाल चिनी उद्योग संघले राजधानीमा पत्रकार सम्मेलन गरेर तस्करीको चिनीकै कारण नेपाली चिनी उद्योगीहरू मारमा परेका बताएका हुन् । पत्रकार सम्मेलन गर्दै नेपाल चिनी उद्योग संघले चिनीको अनधिकृत आयातलाई अविलम्ब रोक लगाउन सरकारसँग माग गरेको छ । स्वदेशमा स्थापित चिनी उद्योगहरूले गत सिजनमा उत्पादन गरेको चिनी उद्योगहरूमा मौज्दात रहेको भन्दै खुला सीमाका कारण भइरहेको अनधिकृत आयात रोक्न संघले माग गरेको हो । संघका अनुसार गत वर्षको चिनी ५ हजार टन मौज्दात छ ।

'गत सिजनमा उत्पादित चिनी केही उद्योगहरूमा मौज्दात रहेको र खुला सीमाका कारण हाल अत्यधिक मात्रामा भइरहेको चिनीको




अनधिकृत पैठारीका कारणले गर्दा चालु क्रसिङ सिजनमा उत्पादन हुने चिनी समेत समयमा नै बिक्री नभई मौज्दात रहन जाने व्यहोरा सम्पूर्ण सरोकारवालाहरूमा जानकारी गराउँदछौं,' संघले पत्रकार सम्मेलनमार्फत भनेको छ ।

खुला सीमाका कारण अत्यधिक चिनी आयात हुँदा स्वदेशी उद्योगबाट उत्पादित चिनी बिक्री हुन नसकी मौज्दात रहन जाँदा कृषकलाई समयमा नै उखुको भुक्तानी गर्न समस्या भएको र केही उद्योगहरू बन्द नै हुन पुगेको संघले जनाएको छ ।

चालु सिजनमा समयमै उद्योग सञ्चालन हुन नसकेमा लाखौं उखु किसानहरूको भविष्य समेत अन्योलमा पर्न गई चिनी उद्योगहरू थप संकटमा पर्न जाने संघको भनाइ छ ।

**मागभन्दा उत्पादन कम तर पनि बजारको अभाव**

चिनी उद्योगहरूले आर्थिक वर्ष २०८०/०८१ मा २ करोड ३८ हजार क्विन्टल उखु क्रसिङ्ग गरेका थिए । गत सिजनमा १ लाख ७८ हजार ७१७ टन चिनी उत्पादन भएको थियो । उद्योग संघका अनुसार चिनीको सरदर रिकभरी ९ प्रतिशत रहेको थियो । संघका अनुसार नेपालमा चिनीको कुल माग भने आन्तरिक उत्पादन भन्दा बढि देखिन्छ ।

वार्षिक माग करिब २ लाख ५० हजार टन रहेको छ । तर उत्पान भन्दा माग धेरै भएपनि नेपाली उद्योगीहरूले बजार पाउन मुस्किल भएको संघको तर्क छ । अहिले चालु आर्थिक वर्ष २०८१/०८२ को क्रसिङ सिजन सुरु भयो । आन्तरिक उत्पादन करिब २ लाख २० हजार टन हुने प्रक्षेपण छ ।

**किन हुन्छ तस्करी ?**

'हाम्रो माग भन्दा कम उत्पादन भएपनि भारतमा नेपालको भन्दा चिनी सस्तो भएकोले तस्करी हुँदा नेपाली चिनी बिक्री नहुने डर रहेको छ,' संघका अध्यक्ष शशिकान्त अग्रवाल भन्छन् ।

उनले अघि थपे, 'भारतमा चिनी उत्पादनको लागत कम पर्छ, किनभने त्यहाँको चिनी उद्योगले चिनीसँगै इथानोल, विजुली, मल पनि उत्पादन गर्छ । सरकारले भ्याट छुट गरेको छ । उखुको लागत कम पर्छ तर हाम्रो यहाँ उत्पादन लागत नै धेरै पर्छ । त्यसैले बजार भाउ धेरै हुन्छ । अहिले भारतबाट चिनी तस्करी हुनुको कारण पनि मुख्य यहि हो ।' संघका अनुसार तराईका अधिकांश ठूला चिनी गोदामहरूले अहिले नेपाली उद्योगसँग चिनी किनेका छैनन्, त्यसको कारण भारतबाट तस्करी भएर आएको चिनी नै हो ।

*(स्रोत: अनलाइनखबर)*

**बालअधिकारप्रति संवेदनशील बनौं**

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरन्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्,
- बालबालिकाकाको बाँच्न पाउने, संरक्षण, विकास एवं सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं,
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं ।

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**१४ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

यस संस्थाको मिति २०८१।०८।२५ गते बसेको सञ्चालक समितिको बैठकले यस संस्थाको १४ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पुर्ण शेयर सदस्य महानुभावहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**साधारण सभा हुने :**
मिति : २०८१ मंसिर २९ गते शनिबार
समय : बिहान १२:३० बजे
स्थान : रोयल पार्टि प्यालेस "ब्लोक बि", हेटौंडा-४

**छलफलका प्रस्तावहरु :**
१. सञ्चालक समिति, लेखा समिति र ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व.०८०/८१ को लेखा परीक्षण प्रतिवेदन छलफल तथा पारित सम्बन्धमा ।
३. आ.व.०८१/८२ को अनुमानित बजेट तथा भावी कार्यक्रम सम्बन्धमा ।
४. आ.व.०८१/८२ को लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा ।
५. संचालक समतिमा रिक्त पदपुर्ति र अनुमोदन सम्बन्धमा ।
६. संस्था एकीकरण सम्बन्धमा ।
७. विनियम संसोधन तथा पुनर्लेखन सम्बन्धमा ।
८. निति तथा कार्यविधि संसोधन तथा अनुमोदन सम्बन्धमा ।
९. शेयर लाभांश र संरक्षित पूंजी फिर्ता कोष सम्बन्धमा ।
१०. कानूनी खर्च सम्बन्धमा ।
११. निष्क्रिय शेयर सदस्य सम्बन्धमा ।
१२. १४ औं वार्षिक साधारण सभाको माइन्युट प्रमाणित गर्न सदस्यहरुको छनौट सम्बन्धमा ।
१३. विविध ।

आशा ढकाल (सचिव)
**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा, मकवानपुर । फोन: ०५७-५२३२७०

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना